'श्रमजीवि वर्गको एकता आजको आवश्यकता'

# परिश्रम

त्रैमासिक

वर्ष ५ अंक १२ | २०८० बैशाख | April-May 2023 | मुल्य रू. ५

हीर्दक मंगलमय
शुभकामना
नव वर्ष २०८०
सालको पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण महानुभावहरुमा हीर्दक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ट्रेड यूनियन महासंघ नेपाल (टुकोन)
केन्द्रीय कार्य समिति परिवार

## टुकोनको राष्ट्रिय सम्मेलन भदौमा






काठमाडौं । राप्रपा नेपाल निकट ट्रेड युनियन महासंघ नेपाल (टुकोन)ले आगामी भदौमा राष्ट्रिय सम्मेलन गर्ने भएको छ । टुकोनका अध्यक्ष हिक्मत जंग भण्डारीको अध्यक्षतामा हालै सम्पन्न केन्द्रीय समितिको बैठकले श्रमिकहरुको राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको हो ।

अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा आगामी बैशाख १८ गते वृहद् कार्यक्रमको आयोजना गरी 'मे दिवस' भव्य रुपमा मनाउन उपाध्यक्ष प्रवलनरसिंह राणाको संयोजकत्वमा जनपरिचालन समिति तथा कोषाध्यक्ष प्रदिप कार्कीको संयोजकत्वमा आर्थिक समिति गठन भएको टुकोनले जनाएको छ ।

२१ सौ सताब्दीमा पनि श्रमिक माथीको विभेद टुकोनलाई सैह्य नहुने निष्कर्षका साथ अधिकार प्राप्तीको लागि श्रमिकहरुलाई संगठित गर्दै आगामी असार मसान्तसम्ममा देशका ७७ वटै जिल्लामा जिल्ला स्तरीय कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको उपाध्यक्ष प्रवलनरसिंह राणाले बताउनुभयो ।

यस्तै ट्रेड युनियन महासंघ नेपाल (टुकोन)का केन्द्रीय सदस्य दावा शेर्पाका बुबा छिरिङ शेर्पाको निधनप्रति शोक प्रस्ताव समेत बैठकले पारित गरेको थियो ।

हीर्दक मंगलमय
शुभकामना



नव वर्ष २०८० सालको उपलक्ष्यमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।

कमल थापा
अध्यक्ष, राप्रपा नेपाल

## महालेखापरीक्षकको प्रतिवेदन :सरकारी बेरूजु साढे ९ खर्बभन्दा बढी




काठमाडौं । सरकारको हालसम्मको कूल बेरुजु ९ खर्ब ५९ अर्ब ७९ करोड रूपैयाँ नाघेको छ । महालेखापरीक्षकको कार्यालयले हालै राष्ट्रपतिसमक्ष बुझाएको ६०औं वार्षिक प्रतिवेदनअनुसार सङ्घीय तथा प्रदेशका सरकारी निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेत कूल ६ हजार ५ सय ४३ निकायको लेखापरीक्षण गर्दा बेरुजु साढे ९ खर्बभन्दा बढी देखिएको हो । हालसम्मको कूल बेरुजुमध्ये अद्यावधिक बेरुजु ५ खर्ब ८७ अर्ब ३३ करोड ७४ लाख रूपैयाँ र कारबाही टुङ्गो लगाउनुपर्ने बेरुजु ३ खर्ब ७२ अर्ब ४५ करोड १३ लाख रूपैयाँ बराबर पुगेको छ ।

गत वर्ष मात्रै १ खर्ब १९ अर्ब ७७ करोड रूपैयाँ बराबर बेरुजु थपिएको महालेखा परीक्षकको प्रतिवेदनबाट देखिएको छ । गत वर्ष मात्रै सङ्घीय सरकारी निकाय तथा कार्यालयमा ५६ अर्ब ३१ करोड, प्रदेशका निकाय तथा कार्यालयमा ७ अर्ब २० करोड, सरकारका विभिन्न समिति तथा संस्थाको १३ अर्ब ३८ करोड र स्थानीय तहको ४२ अर्ब ८८ करोड रूपैयाँ बराबर बेरुजु थपिएको छ ।

महालेखाले गत वर्ष ६ हजार ६ सय ४६ सरकारी निकायको ७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाख रूपैयाँ बराबरको लेखापरीक्षण गरेको थियो । गत वर्षको मात्रै बेरुजु हेर्दा सङ्घीय निकायमध्ये सबैभन्दा धेरै अर्थ मन्त्रालयमा ३२ अर्ब ४६ करोड ८८ लाख रूपैयाँ बराबर बेरुजु देखिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ८ अर्ब ७९ करोड ७४ लाख रूपैयाँ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २ अर्ब ७० करोड ५८ लाख रूपैयाँ र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको २ अर्ब ५३ करोड ७१ लाख रूपैयाँ बराबर बेरुजु थपिएको छ । लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु रकम हेर्दा सबैभन्दा बढी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १८ दशमलव ७२ प्रतिशत बेरुजु देखिएको छ ।

संवैधानिक निकाय राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, न्याय परिषद् र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा भने उल्लेख्य बेरुजु नदेखिएको महालेखाले जनाएको छ ।

## युवाहरूले अब विद्रोह गर्नुपर्छ : वर्तौला

काठमाडौं । राप्रपा नेपालका महामन्त्री राजाराम वर्तौलाले विदेशीको चाकरी गर्दै खुशी पार्ने होडबाजीले गर्दा मुलुकको स्वाधिनता कमजोर भएको बताउनुभएको छ । विस्तारवाद र साम्राज्यवादविरुद्ध लड्छु भन्नेहरु लम्पसारवादीका रुपमा रुपान्तरित भएको उल्लेख गर्दै उनले विदेशी इशारामा चल्ने कठपुतलीहरुबाट नेपालको हित नहुने दाबी गर्नुभयो । नेपाली युवाहरुलाई खाडीमा रगत पसिना बगाउन बाध्य बनाउनेहरु परिवर्तनको नारा उछाल्नेहरु नै भएको जनाउँदै उहाँले युवाहरुले भ्रष्टाचार, बेरोजगारी र कुशासनको विरुद्धमा विद्रोह गर्नुपर्नेमा जोड दिनुभयो ।



राप्रपा नेपाल निकट मजदुर संगठनद्वारा भक्तपुरमा आयोजित अन्तरक्रियामा बोल्दै बर्तौलाले श्रम गर्ने वास्तविक श्रमिकहरुको हकहितको पक्षमा काम गर्ने मजदुर संगठनको रुपमा ट्रेड युनियन महासंघ नेपाल (टुकोन) को उदय भएकोले सम्पूर्ण श्रमिक वर्गलाई टुकोनसँग आवद्ध हुन आग्रह गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा टुकोनका अध्यक्ष हिक्मतजंग भण्डारीले वास्तविक श्रमिकहरुलाई टुकोनसँग जोड्ने अभियानलाई सबै क्षेत्रमा पुऱ्याउन संगठन कृयाशिल हुने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो । टुकोनका उपाध्यक्ष राजेन्द्र लाखाको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा भक्तपुरबाट टुकोनको केन्द्रीय सचिव पदमा मनोनित सन्ध्या वासुकला, केन्द्रीय सदस्य बुद्धीबहादुर माकजु (सानु), नेपाल निर्माण श्रमिक संघका अध्यक्ष राजु माथ्याजु, नेपाल स्वास्थ्यकर्मी श्रमिक संघका अध्यक्ष डा. विनोद ख्याजु, नेपाल धार्मिक श्रमिक संघका अध्यक्ष हरिशरण त्वाती, नेपाल यातायात श्रमिक संघका अध्यक्ष साधुराम खाइजु, नेपाल ब्युटीपार्लर श्रमिक संघका जिल्ला अध्यक्ष तिर्थ नागाजु लगायतलाई जिम्मेवारी पत्र समेत हस्तान्तरण गरिएको थियो ।

## वैदेशिक रोजगारीमा जाने श्रमिकलाई पेन्सनसहितको सामाजिक सुरक्षा दिन सुरु




काठमाडौं । सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकले पेन्सनसहितको सुविधा पाउने गरी योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम सुरु गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीका क्रममा इजरायलमा रहेकी मन्जु थपलियाका श्रीमान् गोपाल संग्रौलालाई सामाजिक सुरक्षाको परिचयपत्र दिएर कार्यक्रम सुरु गरेका हुन् ।

अब विदेशमा रहेका नेपाली कामदारले सामाजिक सुरक्षा कोषमा आबद्ध हुनको लागि आवेदन दिन पाउने बाटो खुल्ला भएको छ । सरकारले 'वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिकालागियोगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि-०७९' जारी गरिसकेको थियो । यसलाई कार्यान्वयनमा लगिएको कोषका अध्यक्षसमेत रहेका श्रम सचिव एकनारायण आर्यालले वताए ।

'अब विदेशमा रहेका कुनै पनि नेपाली श्रमिक सामाजिक सुरक्षाको दायराबाट बाहिर बस्नुपर्दैन । घरमा काम गर्ने घरेलुदेखि प्रतिष्ठानमा कार्यरतले आफूलाई अधिकार सम्पन्न श्रमिकका रूपमा अनुभूति गर्न पाउने व्यवस्था मिलाइएको छ,' कोषका अध्यक्षसमेत रहेका श्रम सचिव आर्यालले भने ।

श्रम मन्त्रालयका अनुसार वैदेशिक रोजगारीमा कार्यरत २२ लाख श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरिएको जनाएको छ । कोषमा आबद्ध हुनका लागि कामदारले तोकिएको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

वैदेशिक रोजगारीमा रहेका वा जानेले न्यूनतम २ हजारदेखि अधिकतम २८ हजार १ सय ५५ रुपैयाँसम्म कोषमा योगदान गर्न पाइन्छ । यसरी योगदान गर्नेलाई १ लाख रुपैयाँसम्मको वार्षिक दुर्घटना उपचार खर्च, ५ हजार ६ सय ३१ रुपैयाँसम्म अशक्तता पेन्सन, आश्रित परिवारलाई ३ हजार ७ सय ५४ रुपैयाँसम्म आजीवन पेन्सन र २१ वर्षसम्म सन्ततिलाई ३ हजार ७ सय ५४ रुपैयाँसम्मको शैक्षिक वृत्तिबापत रकम पाइनेछ । वैदेशिक रोजगार समय अवधि सकिएपछि एकमुस्ट रकम वा पेन्सन सुविधा पाइनेछ । ६० वर्षपछि आजीवन पेन्सन पाइनेछ । विदेशमा गएका श्रमिकले अनलाइनबाट नै आवेदन दिई आफैं सूचीकृत हुनुपर्ने बाँकी ४ पेजमा....

# १२ हजार उद्योगमा एक खर्ब ३३ अर्ब लगानी

-अर्जुन आचार्य

विराटनगर । अर्थतन्त्रको मेरुदण्ड उद्योग हो । कोशी प्रदेशको राजधानी विराटनगर औद्योगिक सहर पनि हो । नेपालकै पहिलो औद्योगिक सहर भइकन पनि विराटनगर यतिबेला अन्य ५ सहरभन्दा पछि छ। संघीयताको विकाससँगै उद्योगधन्दा, कलकारखाना बढ्ने, रोजगारी सिर्जना हुने र उत्पादन बढ्ने धेरैको अपेक्षा छ र थियो । केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय औद्योगिक सर्वेक्षण अनुसार कोशी प्रदेशमा १२ हजार उद्योग प्रतिष्ठानमा एक खर्ब ३३ अर्ब लगानी छ । जसमा ७३ हजार मजदुर संलग्न छन् ।



तथ्याङ्क कार्यालयका अनुसार कोशी प्रदेशमा खानी तथा उत्खननका २३ उद्योग छन् । औद्योगिक उत्पादन गर्ने ठूला उद्योगहरु ९०५ र साना उद्योग १० हजार ७२१ वटा छन् । यस्तै विद्युत् तथा ग्यासजन्य २२८, पानीको आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापनका ३४८ वटा उद्योग तथा प्रतिष्ठान गरेर जम्मा १२ हजार २२५ वटा उद्योग सञ्चालनमा छन् । तथ्याङ्क विभागले जम्मा खानी तथा उत्खनन, औद्योगिक उत्पादन, विद्युत् ग्याँस, बाफ र वातानुकूलित सेवा र पानीको आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरु सञ्चालन गर्ने भनेर वर्गीकरण गरेको छ ।

तथ्याङ्क अनुसार कोशी प्रदेशका यी उद्योग प्रतिष्ठानहरुमा ९५ हजार ९६४ मानिस संलग्न छन् । यो संख्या भनेको एक उद्योग बराबर औसत ७.८ जना हो । यस्तै प्रतिष्ठानमा ७३ हजार ९१८ जना रोजगार छन् । प्रति प्रतिष्ठान रोजगार संख्या ६ जना छ । सबै उद्योग प्रतिष्ठानबाट वार्षिक उत्पादन २ खर्ब ४८ अर्ब ५६ करोड १७ लाख ४६ रुपैयाँ बराबरको हुने गरेको छ । जसका लागि वार्षिक लागत १ खर्ब ७७ अर्ब १७ करोड १ लाख ७९ हजार रुपैयाँ छ । जसमा वार्षिक मूल्य अभिवृद्धि मात्रै ७१ अर्ब ४० करोड १५ लाख ६७ हजार रुपैयाँ हुने गरेको छ ।

सोही तथ्याङ्क अनुसार कोशी प्रदेशमा मात्रै सन्दर्भ अवधिको अन्त्यमा रहेको उद्योगको स्थायी सम्पत्तिमात्रै १ खर्ब ३३ अर्ब ४६ करोडभन्दा बढीको छ । तथ्याङ्कमा देखाइए अनुसार प्रतिव्यक्तिले १ वर्षमा औसत उत्पादन २५ लाख ९० हजार २ सय रुपैयाँको गर्दछ र उत्पादन लागतको अनुपात १ दशमलव ४० छ ।

त्यही तथ्याङ्कले तलब/ज्याला र सुविधामा सबै उद्योग प्रतिष्ठानहरुले २१ अर्ब ५ करोड १० लाख ६९ हजार रुपैयाँ खर्च गर्ने गरेको देखाउँछ । जुन प्रति मजदुर बराबर औसतमा मासिक तलब २३ हजार ७३० रुपैयाँ पर्न जान्छ ।

कोशी प्रदेशमा औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरुको संख्या

कोशी प्रदेशमा कोभिड-१९ को महामारीको समयमा सरकारले गरेको करिब ४ महिनाको लकडाउन अवधिमा नेपालमा सञ्चालनमा रहेका करिब ६३ प्रतिशत उद्योग प्रतिष्ठानहरु पूर्णरुपमा बन्द भएको तथ्याङ्कमा देखाइएको छ। यसैगरी २४ प्रतिशत उद्योग प्रतिष्ठानहरु आंशिक रुपमा सञ्चालनमा रहेको र बाँकी १३ प्रतिशत उद्योग प्रतिष्ठानहरु पूर्ण रुपमा सञ्चालनमा थिए ।

त्यस अवधिमा करिब १७ प्रतिशत कामदारले बिना सुविधा स्थायी रुपमा आफूले काम गरिरहेको उद्योगबाट काम छोड्नु परेको थियो भने ६० प्रतिशत कामदारले बिना तलब सुविधा अस्थायी रुपमा कामबाट अलग हुनुपरेको थियो । ११ प्रतिशत कामदारले तलब सुविधा आंशिक रुपमा कटौती भएको र बाँकी १२ प्रतिशत कामदारले तलब सुविधा निर्धारित समयभन्दा ढिलो पाएका थिए ।

कोशी प्रदेशको सर्भेक्षणमा के छ ?

कोशी प्रदेश सरकारले गरेको सर्भेक्षण अनुसार आफू मातहतको उद्योग मन्त्रालय अन्तर्गत प्रदेशमा लघु, घरेलु र साना उद्योग गरेर जम्मा ९ हजार ९०३ वटा उद्योग छन् । जसमा ऊर्जामुलक १२८, उत्पादनमूलक ६ हजार ४८१, कृषि तथा वनजन्य १ हजार ९०८, खनिजजन्य १११४, पूर्वाधार २६६ र पर्यटनका ६ वटा उद्योग छन् । यी सबै उद्योगको वार्षिक उत्पादन क्षमता ४ खर्ब ९२ अर्ब ३२ करोड ४२ लाख ३१ हजार रहेको तथ्याङ्क छ । जसमा नयाँ उद्यमीको संख्या ११ हजार ६३१ छ । यी उद्योग प्रतिष्ठानमा जम्मा ३० हजार ५५९ जनाले रोजगारी पाएका छन् । यस्तै कोशी प्रदेशको उद्योग मन्त्रालय अन्तर्गत वाणिज्य फर्महरुमात्रै जम्मा १६ हजार १९७ वटा दर्ता भएका छन् । यो सर्भेक्षण औद्योगिक सर्भेक्षणभन्दा केही वर्ष पछि गरिएको हो ।

उद्योगले भोगिरहेका समस्या

उद्योग संगठन मोरङका अध्यक्ष सुयस प्याकुरेलका अनुसार उद्योग तथा प्रतिष्ठानहरुले अहिले पनि धेरै समस्या भोग्नु परिरहेको छ । 'औद्योगिक माल वस्तु ढुवानीका लागि छुट्टै सडक लेन छैन । भएका सडकहरु साँघुरो भएको, नियमित मर्मत सम्भार नहुने, तथा निर्माणाधीन सडकहरुको निर्माणमा ढिलाई भइरहँदा ढुवानी खर्च तथा समय बढी लाग्ने र यसले अन्ततोगत्वा लागतमूल्य बढाइरहेको अवस्था छ,' प्याकुरेलले भने, 'त्यसैगरी, औद्योगिक संरचना सहितको औद्योगिक क्षेत्र वा ग्राम नहुँदा एउटा लगानीकर्ताले उद्योग व्यवसायका लागि भन्दा पनि जग्गा व्यवस्थापनमै अत्यधिक खर्चिनु पर्ने अवस्था छ ।'

औद्योगिक उत्पादनहरुको बजार प्रवर्द्धनका लागि आवश्यक प्रदर्शनी केन्द्रको नहुदा बर्सेनि आयोजना गरिने प्रदर्शनीमा अस्थायी संरचनामै ठूलो खर्च भइरहेको उनको भनाइ छ ।

उद्योग संगठन मोरङका कार्यकारी निर्देशक चुँडामणि भट्टराईले कमजोर पूर्वाधारले लजिस्टिक एवम् उत्पादन लागत बढाउने र प्रतिस्पर्धाबाट बाहिरिन बाध्य पार्ने बताए । 'सडक, विद्युत, पारवहन, औद्योगिक क्षेत्र आदिमा राज्यले अत्यन्त सुविचारित निर्णयहरू लिई नेपाली उद्योगीहरूको प्रतिस्पर्धी क्षमता बढाउन मद्दत गर्नु पर्दछ,' उनी भन्छन्, 'तसर्थ, व्यापार सहजीकरण, औद्योगिक पूर्वाधार-जस्तै रेल्वे, औद्योगिक क्षेत्र निर्माण, सडक निर्माण, पारवहन पूर्वाधार विकास, लजिस्टिक पार्क, द्विपक्षीय व्यापारमा नीतिगत सहजीकरण एवं प्रकृयागत जटिलतामा सहजीकरण गरी प्रतिस्पर्धी क्षमता बढाउनु पर्दछ ।'

उद्योग क्षेत्रको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले धेरै काम गर्नुपर्ने उद्योगीहरु बताउँछन् । निर्यात प्रवर्धन गर्ने उद्योग स्थापनाका लागि सहजीकरण गर्न आवश्यक सम्पूर्ण पूर्वाधार सुविधा सहितको क्रस बोर्डर औद्योगिक क्षेत्र निर्माण गर्नुपर्ने, विराटनगरमा अन्तर राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र निर्माण गर्नुपर्ने उनको भनाइ छ ।

विराटनगर एयरपोर्टको स्तरोन्नति गरी क्षेत्रीयस्तरको विमानस्थलका रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने तथा भारत, बंगलादेश, भुटान, चीन र नेपालबीचको व्यापारिक लिङ्को सम्भावना बोकेको विराटनगर-किमाथांका सडकलाई विश्वस्तरको बनाई माइलस्टोन प्रोजेक्टको रुपमा अघि बढाउनु पर्ने उद्योगी व्यवसायीको भनाइ छ ।

यता कोशी प्रदेश सरकारले गरेको सर्भेक्षणमा उद्योगका समस्यालाई विभिन्न चार बुँदामा समेटेको छ । प्रदेशस्तरमा नीति तथा साझेदारी फर्म दर्ता र औद्योगिक व्यवसाय ऐन लागू भइसक्दा पनि संघीय निकायबाट प्रादेशिक निकायमा जिम्मेवारी हस्तान्तरण नहुँदा उद्योग तथा वाणिज्य प्रशासनका सम्बन्धमा अस्पष्टता र दोहोरोपना रहेको सर्भेक्षणमा उल्लेख छ ।

सर्भेक्षणमा प्रदेशस्तरमा दर्ता भएका र प्रादेशिक कानुन अनुसार नियमन हुने उद्योगहरुले समेत आफ्नो उद्योगका लागि आवश्यक मेसिनरी तथा कच्चा पदार्थ आयात प्रयोजनार्थ आवश्यक पर्ने आयात निर्यात संकेत नम्बर (एक्जिम कोर्ड) सिफारिसका लागि उद्योग विभाग पुग्नुपर्ने बाध्यता रहेको, उपर्युक्त संगठन तथा व्यवस्थापनको अभाव रही संगठनको उद्देश्य बमोजिम दरबन्दी र कर्मचारी अभाव रहेको र औद्योगिक क्षेत्र निर्माण तथा व्यवस्थापनको लागि मिल्स क्षेत्रको सरकारी जग्गाको उपयोग हुन नसकेको उल्लेख छ ।

# मजदुरी गर्दागर्दै हेड-मिस्त्री भएकी लीला

-नारायण खड्का



यति बेला तुलसीपुर उपमहानगरपालिका-७ की लीला चौधरी उपमहानगर क्षेत्रकै मज्वा गाउँमा एउटा निजी घर निर्माणमा व्यस्त छिन् । उनको मातहत अन्य केही पुरुष श्रमिकहरू काममा छन्। निर्माणाधीन घर उनका श्रीमान जितबहादुरले गत पुसमा ठेक्कामा लिएका हुन्। निर्माणको काम करिब अन्तिम चरणमा छ । लीला यहाँकी हेड-मिस्त्री हुन्। उनले निर्माण क्षेत्रमा काम गरेको १५ वर्ष भइसक्यो ।

सुरूमा उनी आफ्ना श्रीमानसँगै दैनिक ज्यालादारीमा मजदुरका रूपमा काम गर्थिन् । 'अरूले गरेको हेरेर पनि धेरै आइडिया आउने रहेछ,' लीलाले भनिन्, 'नजानेको ठाउँमा म सोधिहाल्थेँ । सिक्दैसिक्दै पाँच वर्ष मजदुरका रूपमा काम गरेपछि मिस्त्री भएँ ।'

श्रीमान-श्रीमती दुवै मिस्त्रीका रूपमा काममा खटेपछि कमाइ राम्रो हुन थाल्यो । आँट र हौसला बढ्यो । लीलाले एक दिन श्रीमानलाई भन्छिन्- आफ्नो हातमा सबै सीप छँदैछ । अरूका पछि मात्रै कति लाग्नु ? तपाई घर ठेक्का लिनुहोस्, म हेड-मिस्त्री भएर काम गराउँछु ।

जितबहादुरलाई श्रीमतीको कुरा मनपर्‍यो । उनले एउटा घर ठेक्का लिएर काम सुरू गरे । एकपछि अर्को गर्दै काम बढ्दै गयो । अहिले लीला र जितबहादुर एक साथ दुइटा घर बनाउने काममा लागेका छन् । 'यही गाउँमा श्रीमान अर्को ठाउँमा हुनुहुन्छ, म यहाँ छु,' लीलाले भनिन्, 'श्रीमान घर ठेक्का लिनुहुन्छ । म हेड-मिस्त्री भएर काम गर्छु ।'

२०५० सालमा तुलसीपुरको मानपुर, वनकट्टामा जन्मिएकी हुन् उनी । जीवन बाल्यकालदेखि नै संघर्षपूर्ण रह्यो। परिवारमा गरिबी थियो । उनले सानै उमेरमा अर्काको घरमा काम गर्नुपर्‍यो । घरका चार सन्तानमध्ये लीला दोस्रो थिइन् । गरिबीकै कारणले उनीहरू कोही पनि स्कुल जान पाएनन् । लीला कामकै लागि तीन वर्ष बर्दिया र दुई वर्ष कैलालीको धनगढी बसिन् । केही वर्ष तुलसीपुर बजारमा काम गरिन् । त्यसपछि फेरि गाउँका एक 'जमिनदार' को घरमा बसिन् । घरेलु कामदार बसेकै बेला १४ वर्षको उमेरमा लीलाले जितबहादुरसँग भागी बिहे गरिन् । बिहे गरेको तीन वर्षमा दुई सन्तानकी आमा भइन् । छोरा सानै छँदा लीला र जितबहादुर संयुक्त परिवारबाट अलग भए । गाउँमै भाडामा बस्न थाले। लीलाले भाँडा माझ्ने काम थालिन् । जितबहादुर ट्याक्टर चलाउँथे । लीलाले घरघर डुलेर भाँडा माझ्नु पर्दा जितबहादुरलाई नरमाइलो लाग्यो । उनले दुवै जना घर बनाउने काममा श्रमिक बन्न उचित हुने ठानेर लीलालाई भने । लीलालाई कुरा मनपर्‍यो । त्यो बेला लीलाले दैनिक ८० रूपैयाँ ज्याला पाउँथिन्, जीतबहादुरले सय रूपैयाँ । उही काममा पुरुषको भन्दा महिलाको ज्याला थोरै ! लीलाका अनुसार अहिले पनि धेरै ठाउँमा यस्तै अवस्था छ ।

बिहान सबेरै उठेर पानी ल्याउनु, खाना तयार गर्नु, छोराहरूलाई स्कुल पठाउनु, घरको अरू काम भ्याउनु र आठ बजे काममा पुग्नु । लीलाका लागि ती दिन निकै संघर्षपूर्ण थिए । आफ्नो दुःख त छँदै छ, दुई छोराको उज्ज्वल भविष्यका लागि काम गर्नु छ भन्ने कुराले ऊर्जा भरिन्थ्यो । लीलाले आफूले कमाएको पैसा अलिअलि बचाएर श्रीमानलाई थाहा नदिई बैंकमा बचत गर्न थालिन् । केही वर्षपछि बैंकमा गएर बुझ्दा त तीन लाख रूपैयाँ जम्मा भएको रहेछ । एक दिन लीलाले अलिकति घडेरी किनेर सानो भए पनि घर बनाऔं भनिन् ।

जितबहादुर छक्क परे- कहाँ छ र पैसा? कहाँबाट ल्याउनु ? लीलाले बैंकमा जम्मा भएको तीन लाख रूपैयाँ देखाइन् । पैसा जम्मा हुनुको रहस्य पनि खोलिन् । जितबहादुर हुनसम्म खुसी भए । दुई लाख रूपैयाँ त्यही बैंकबाट ऋण लिए । त्यसमा केही थपेर गाउँमै एउटा घडेरी किने । घर बनाउने सीप आफैँसँग थियो। अलिक पछि सानो घर बनाए । 'मजदुर भएर काम गर्दा खिसी गर्नेहरू पनि थिए । अँध्यारै धारामा पानी थाप्न जाँदा डाहा गर्नेहरू पनि थिए,' लीलाले भनिन्, 'घर बनाएपछि हाम्रो मेहनतको प्रशंसा गर्न थालेका छन् ।'

पढाइलेखाइ नभए पनि उनले श्रमको काम नजानेको केही छैन । भन्छिन्, 'पढ्नलेख्न जान्दिनँ । त्यसबाहेक घरगृहस्थी चलाउन मैले नजान्ने काम केही पनि छैन जस्तो लाग्छ ।' लीला सुडेनी पनि हुन् । दुई सन्तान जन्माएपछि सुत्केरी गराउने सम्बन्धी एक महिनाको तालिम लिने अवसर पाएकी थिइन् । 'मैले थुप्रै सुत्केरीहरूको सेवा गरेकी छु,' उनले भनिन्, 'अझै पनि मलाई सुत्केरीको मालिस गर्न बोलाउँछन् ।' तर लेखपढ गर्न नजान्दाको कष्ट उनले आफ्नो काममा कहिलेकाहीँ भोग्नुपर्छ । घर बनाउने क्रममा नापो लिँदा उनलाई समस्या हुन्छ । 'पढ्न नपाउँदाको पीडा मलाई जति कसलाई होला र,' उनी भन्छिन्, 'हेड-मिस्त्री भए पनि फिताले आफैं नापेर हिसाब निकाल्न जान्दिनँ ।' यस्तो काममा श्रीमानले सघाउँछन् । 'फिताको हिसाब बाहेक मलाई घरको नक्सा थमाइदिएपछि जस्तो भन्यो त्यस्तै बनाउन सक्छु,' उनले भनिन् ।

आफूले पढ्न नपाए पनि आफ्ना दुई छोरालाई पढाइमा केही कमी हुन दिइनन् । जेठा छोरा २२ वर्षका भए । उनी स्नातक तहको पढाइ पूरा गरेर केही महिनाअघि अस्ट्रेलिया गएका छन् । कान्छा छोराले दस कक्षासम्म पढे । पढ्दा पढ्दै बिहे गरे । हाल उनी साइकल पसलमा काम गर्छन् । अहिले परिवारमा लीला, जितबहादुर, कान्छा छोरा र बुहारी छन् । 'जेठो छोराले मेरो सपना पूरा गरिदियो। कान्छासँग पनि हातमा सीप छ,' लीला भन्छिन्, 'कि शिक्षा हुनुपर्‍यो कि सीप । यस्तो मान्छे जहाँ पनि सजिलै बाँच्न सक्छ ।'

घर बनाउने ठेक्का लिनु र नक्साअनुसार बनाइदिनु नै लीला र जितबहादुरको मुख्य पेसा हो । उनीहरूले वर्षमा पाँच वटासम्म घर बनाउँछन् । 'श्रीमान ठेक्का लिनुहुन्छ र घरको नक्सा दिनुहुन्छ,' लीला भन्छिन्, 'म नक्साअनुसार घर तयार पारिदिन्छु । मेरो काम देखेर श्रीमान पनि दंग हुनुहुन्छ ।' श्रीमतीको सीप र क्षमताबाट जितबहादुर पनि दंग छन् । दुवै जना एक अर्काका भरोसा भएका छन् । दुवै जनाको कमाइबाट घर चलाउने र बचत गर्ने काम लीलाको जिम्मामा छ । जितबहादुर आफूलाई पैसा चाहिए श्रीमतीसँगै माग्छन् । कमाएर ल्याएको पैसा पनि लीला नै राख्न दिन्छन् ।

आफ्नो पारिवारिक उन्नतिमा श्रीमान-श्रीमतीको मेलमिलाप नै मुख्य हो भन्ने लीलाको निष्कर्ष छ । उनलाई महिला र पुरुष एक रथका दुई पांग्रा हुन् भन्ने कुरा ठीक हो भन्ने लाग्छ । 'श्रीमानलाई मात्रै काम गर्न पठाउँदा परिवार चलाउन गाह्रो हुन्छ । महिला र पुरुष एक रथका दुई पांग्रा हुन् भनेपछि त दुवै पांग्रा गुड्नुपर्छ,' लीला भन्छिन् ।

लीलाका धेरै ठूला सपना छैनन् । जम्मा दुई वटा इच्छा छन्- आफ्नै पौरखमा सजिलो तरिकाले जीवन चलाउन सकियोस् र छोराहरूले गरी खाऊन् । लीला गत फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवसका दिन तुलसीपुर उपमहानगरपालिका कार्यालयबाट सम्मानित पनि भइन् । उनले नगद पुरस्कारसहित प्रमाणपत्र पाइन् । घर निर्माणमा मिस्त्री काम गर्ने लीला र सोही ठाउँकी शिला चौधरीलाई उपमहानगर कार्यालयले सम्मान गरेको थियो । यो सम्मानले लीलाको हौसला अझै बढेको छ ।

# बैंकहरूले ९ महिनामा कमाए ४८ अर्ब ७० करोड, कुन बैंकको नाफा कति ?

| बैंक | आ.व.२०७९/८० | आ.व.२०७८/७९ | नाफा/नोक्सान |
|---|---|---|---|
| नबिल बैंक | ५११६१७४ | ३३५२०४३ | ५२.६३ |
| ग्लोबल आईएमई बैंक | ४३५८२६४ | ३७२६२१२ | १६.९६ |
| एनआईसी एसिया बैंक | ४०१४९२४ | ३६०४५९८ | ३८.७१ |
| राष्ट्रिय वाणिज्य बैंक | ३५७६७७४ | २६१६७१९ | ३६.६९ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ३०४६१२३ | २४७७२६१ | २२.९६ |
| एनएमबी बैंक | २६८२५३२ | २६६५२९१ | ०.६५ |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक | २६१००८७ | १६२८७७४ | ६०.२५ |
| प्राइम कमर्सियल बैंक | २४६७५५६ | २७२२०२० | -९.३५ |
| एभरेष्ट बैंक | २४६६०६४ | १५१६३२४ | ६२.६३ |
| नेपाल एसबीआई बैंक | १८०३२८५ | १३०००२२ | ३८.७१ |
| कुमारी बैंक | १८२०२९५ | १८०२७७१ | ०.९७ |
| सिद्धार्थ बैंक | १४९०१०१ | २०८८५६१ | -२८.६५ |
| नेपाल बैंक | १७८२३२९ | २१९२९३१ | -१८.७२ |
| सिटिजन्स बैंक | १२३६०६१ | १५८९६५१ | -२२.२४ |
| हिमालयन बैंक | १७३८८६२ | १३९१५७८ | २४.९६ |
| माछापुच्छ्रे बैंक | १३५१९५२ | १५५१७७२ | -१२.८८ |
| लक्ष्मी बैंक | १२६५३४५ | ८५८९६७ | ४७.३१ |
| सनराइज बैंक | ११७०९६८ | १२७७३९७ | -८.३३ |
| प्रभु बैंक | १९५४६२५ | १७५२९२३ | ११.५१ |

**-प्रयास श्रेष्ठ**

काठमाडौं । २१ वटा वाणिज्य बैंकले चालु आर्थिक वर्षको तेस्रो त्रैमासको वित्तीय रिपोर्ट सार्वजनिक गरेका छन् । बैंकहरुले यस अवधिमा कुल ४८ अर्ब ७० करोड ४९ लाख ७१ हजार रुपैयाँ नाफा कमाएका छन् ।
अघिल्लो वर्ष सोही अवधिमा बैंकहरुले ४३ अर्ब ६१ करोड ३८ लाख ३१ हजार रुपैयाँ बराबर नाफा कमाएका थिए । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा बैंकहरुले ११.६७ प्रतिशतले बढी नाफा कमाएका हुन् ।
आर्थिक वर्ष सुरु भएसँगै बढेको तीब्र आर्थिक संकटका बीच पनि बैंकहरुको यस्तो लोभलाग्दो नाफा आर्जन गर्नुले केही समय यता उद्योगी व्यवसायीले लगाउँदै आएका आरोपलाई केही हदसम्म पुष्टि गरेको मान्न सकिन्छ । ब्याजदर बढाएर बैंकहरुले मात्र नाफा कमाउन खोजेको आरोप उद्योगी व्यवसायीहरुले लगाउँदै आएका छन् ।
२१ वटा वाणिज्य बैंकमध्ये एक तिहाई अर्थात् ७ वटा बैंकको मात्र रिजल्ट नेगेटिभ आएको छ । बाँकी १४ वटा बैंकको नाफा आकर्षक नै देखिन्छ । यद्यपि, वित्तीय रिपोर्ट घाटामा देखिएका बैंकहरुले पनि नाफालाई खराब कर्जा व्यवस्थापन (प्रोभिजनिङ) गर्नुपर्दा 'माइनस'मा देखिन गएको हो ।
पछिल्लो समय खराब कर्जाको दर तीब्र रुपमा बढेसँगै बैंकहरु त्रसित छन् । चालु आर्थिक वर्षको ९ महिनासम्म बैंकहरुको खराब कर्जाको दर बढेर औसत २.४९ प्रतिशत पुगेको छ । यो दर अझ बढ्न सक्ने अनुमान छ । यसैले पूर्वतयारी स्वरुप बैंकहरुले चालु आर्थिक वर्षको तेस्रो त्रैमासमै ३० अर्ब ८६ करोड रुपैयाँभन्दा बढी रकम वित्तीय व्यवस्थापन (प्रोभिजनिङ) गरेका छन् ।
अघिल्लो वर्षको चैत मसान्तसम्म जम्मा ७ अर्ब रुपैयाँ बराबरमात्र प्रोभिजनिङ गरेकामा यस वर्ष बैंकहरुले २३ अर्ब ८६ करोड रुपैयाँले जोखिम व्यवस्थापन गर्नुपरेको हो ।
तथ्याङ्क अनुसार ५ अर्बभन्दा बढी नाफा आर्जन गर्ने नबिल बैंकले समेत यस वर्षका लागि ३ अर्ब ३३ करोड १७ लाख १२ हजार रुपैयाँ प्रोभिजनिङ गरेको छ । अघिल्लो वर्षको चैत मसान्तसम्म जम्मा ६ अर्ब १० करोड ५ लाख १२ हजार रुपैयाँ प्रोभिजनिङ गरेको बैंकले यस वर्ष ४४.५७ प्रतिशतले बढी रकम छुट्याउनु परेको हो ।
अघिल्लो वर्ष जम्मा १.१४ प्रतिशत रहेको बैंकको खराब कर्जाको दर (एनपीएल) यस वर्ष ३.८७ प्रतिशत पुगेको छ ।
यस्तै, अधिक नाफा आर्जन गर्ने शीर्ष ५ बैंकमध्येको ग्लोबल आईएमई बैंक, एनआईसी एसिया बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक र एनएनबी बैंकको समेत खराब कर्जाको दर बढेर झण्डै ४ प्रतिशत हाराहारी पुगिसकेको छ । यद्यपि, एनआईसी एसिया बैंकको खराब कर्जाको दर भने घटेको छ ।
चालु आर्थिक वर्षको चैत मसान्तसम्म कुल कर्जा लगानीको ३.९६ प्रतिशत एनपीएल पुगेको ग्लोबल आईएमई बैंकले नाफाबाट २ अर्ब ७१ करोड ७ लाख ७३ हजार रुपैयाँ प्रोभिजनिङ गरेको छ भने ३.८८ प्रतिशत एनपीएल रहेको राष्ट्रिय वाणिज्य बैंकले यस पटक १ अर्ब ३१ करोड ८९ लाख ५२ हजार रुपैयाँ प्रोभिजनिङ गरेको छ ।
खराब कर्जाको रिस्क जोन (अधिकतम सीमा नजिक) मा पुगेका हिमालय बैंक (४.५६ प्रतिशत), कृषि विकास बैंक (४.३५ प्रतिशत), नेपाल बैंक (४.१६ प्रतिशत) ले आर्थिक वर्षको तेस्रो त्रैमासमा जोखिम व्यवस्थापनका लागि क्रमशः २ अर्ब ४५ करोड ५१ लाख, २ अर्ब ११ करोड ६६ लाख र १ अर्ब ४८ करोड ५० लाख रुपैयाँ प्रोभिजनिङ गरेका छन् । कुल कर्जा लगानीको ५ प्रतिशतभन्दा बढी खराब कर्जा (एनपीएल) पुग्ने बैंकहरुलाई जोखिमपूर्ण मान्ने गरिन्छ ।
बैंकहरुको खराब कर्जाको दर बढ्दैगर्दा धितोपत्र बजारमा बैंकिङ क्षेत्रप्रति आम लगानीकर्ताको वितृष्णा बढ्न सक्ने खतरा उत्तिकै बढेर गएको छ ।

## श्रमिकहरुलाई सत्ता प्राप्तीको भऱ्याङ मात्र बनाउनु हुन्न- भण्डारी



काठमाडौं । ट्रेड युनियन महासंघ नेपाल (टुकोन) का अध्यक्ष हिक्मत जंग भण्डारीले आम श्रमिकहरुको हकहितको संरक्षणको निमित्त (टुकोन) को स्थापना गरिएकोले श्रमिकहरुको जस्तोसुकै समस्यामा साथ दिन टुकोन प्रतिबद्ध रहेको बताउनुएको छ । हालै टुकोनको ललितपुर जिल्ला कार्य समिति पुनर्गठन गर्न आयोजित श्रमिकहरुको भेलालाई सम्बोधन गर्दै अध्यक्ष भण्डारीले ठुला पार्टी निकट श्रमिक संगठनहरुले श्रमिकलाई अमुक पार्टीलाई सत्तामा पुऱ्याउने भऱ्याङको रुपमा मात्र प्रयोग गरेकोले वास्तविक श्रमिकहरु मारमा परेको भन्दै संगठित, असंगठित श्रमिकहरुको हितको लागि अग्रसर टुकोनमा समाहित हुन आम श्रमिकहरुलाई आग्रह गर्नुभयो ।
पुनर्गठित ललितपुर जिल्ला कार्य समितिको अध्यक्षमा जीवनकृष्ण पराजुली तथा सदस्यहरुमा विजय वोहरा, दिनेश शाही, सुनिल पराजुली, शोभा घिमिरे, जानुका सापकोटा, विजयराज शर्मा, जितेन्द्र कुमार गुप्ता, सविन श्रेष्ठ र नविन खड्का रहनुभएको छ भने सल्लाहकारमा रामहरि घिमिरे चयन हुनुभएको छ ।

## वैशाख १ देखि सबै स्थानीय तहबाट श्रम स्वीकृतिको आवेदन



काठमाडौं । श्रम स्वीकृतिका लागि स्थानीय तहबाटै आवेदन दिन सुरु भएको छ । श्रम स्वीकृति आवेदनमा विभिन्न समस्या देखिएको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी वैशाख १ गतेदेखि सात सय ५३ वटै स्थानीय तहबाट आवेदन दिन मिल्ने व्यवस्था गरेको हो ।
स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत आवेदन फारम भर्न सकिने मन्त्रालयका प्रवक्ता डण्डुरान घिमिरले जानकारी दिए । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले उक्त निर्णय गरेका हुन् । अब स्थानीय तहबाटै वैदेशिक रोजगारी सम्बन्धी सूचना सरोकारवालामा पुऱ्याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्न सकिने मन्त्रालयको भनाइ छ ।
रोजगार सेवा केन्द्रका कर्मचारीको क्षमता अभिवृद्धिको कार्य सम्पन्न गरिसकेको प्रवक्ता घिमिरेको भनाइ छ । यसअघि सातवटै प्रदेशमा रहेका श्रम कार्यालयबाट श्रम स्वीकृतिको काम अघि बढाइएको थियो । त्यसपछि पनि श्रमिकलाई दुःख दिने, फाइलहरु अनावश्यक रुपमा अल्झाउने गुनासाहरु मन्त्रालयमा पुग्ने गरेका थिए । सोही आधारमा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

**श्रम स्वीकृति दिने भीमदत्त पहिलो नगरपालिका**

कञ्चनपुरको भीमदत्त नगरपालिकाले श्रम स्वीकृत दिन सुरु गरेको छ । श्रम स्वीकृत दिने सुदूरपश्चिमकै पहिलो पालिकाका रूपमा भीमदत्त नगरपालिकाले श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति दिन सुरु गरेको हो । वैदेशिक रोजगारमा जान चाहने स्थानीय नागरिकले नगरेको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति लिन सक्ने नगरपालिकाले जनाएको छ ।
सेवा सुरु गरेकै दिन नगरका २ युवाले श्रम स्वीकृति लिएका छन् । भीमदत्त नगरपालिका- ८, तिलाचौरका भवानसिंह भण्डारी र भीमनपा-९, ब्रह्मदेवका आनन्दसिंह रावतले श्रमस्वीकृति लिएका हुन् । नगरपालिका उपप्रमुख निलम लेखकले श्रम स्वीकृत गर्न आएका दुवै सेवाग्राहीलाई स्वागत गरेकी थिइन् ।
नगर उपप्रमुख लेखकले रोजगार सेवा केन्द्रमा आवेदन गरी श्रम स्वीकृत तथा पुनः श्रम स्वीकृत लिन सकिने बताइन् । 'विगतमा श्रम स्वीकृत लिन काठमाडौं पुग्नुपर्ने बाध्यता थियो । तैपनि, समयमा काम नहुने, खर्च बढी हुनेलगायतका थुप्रै समस्याबीच वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता थियो,' उनले भनिन्, 'जब सरकारले श्रमस्वीकृत स्थानीय तहबाट समेत प्रदान गर्न सकिने प्रावधान ल्यायो, त्यसैबेला देखि हाम्रो पालिकाले समेत काम अघि बढाएको हो ।'
स्थानीय सरकारबाटै श्रम स्वीकृति पाएपछि भीमदत्त नपा-९, ब्रह्मदेवका आनन्दसिंह रावतले ठूलो सुविधा पाएको बताए । 'पहिला यो श्रम स्वीकृत लिन काठमाडौं जानुपर्थ्यो, त्यहाँ होटेलमा बस्न, आउन, जान गाडीभाडा लगायत धेरै खर्च हुन्थ्यो, 'उनले भने, 'खर्च भए पनि समयमा काम नहुने, विभिन्न प्राविधिक कारण देखाएर काम नगरिदिनेलगायतका धेरै समस्या झेल्नुपर्ने बाध्यता थियो, अब घरछेउको नगरपालिकाबाटै श्रम स्वीकृत पाउँदा निकै खुसी लागेको छ ।'
नगरपालिकाका रोजगार संयोजक मीनबहादुर महराले सरकारी व्यवस्थाअनुसार वैदेशिक रोजगारलाई थप व्यवस्थित, सुरक्षित, भ्याइदिन, भरपर्दो र सहज बनाउन स्थानीय तहबाटै उक्त व्यवस्था सुरु गरिएको बताए ।

# एक तिहाइ जनसंख्या आर्थिक रुपमा निष्क्रिय



काठमाडौं । नेपालमा १० वर्षमुनिका बालबालिका बाहेक एक तिहाइ भन्दा बढी जनसंख्या आर्थिक रुपमा निष्क्रिय रहेको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार १० वर्ष भन्दा माथिका ८२ लाख ११ हजार १२ (३४.३ प्रतिशत) नागरिक आर्थिक रुपमा निष्क्रिय रहेका छन् । १ करोड ५६ लाख ८९ हजार ७७७ जना (६५.५ प्रतिशत) जनसंख्या भने आर्थिक रुपमा सक्रिय रहेका छन् ।
आर्थिक रुपमा निष्क्रिय रहनेमा ३१.६ प्रतिशत पुरुष र ४१.९ प्रतिशत महिला जनसंख्या रहेको छ । १०.१ प्रतिशत नेपालीले १२ महिनामा ३ महिना भन्दा कम मात्रै काम पाएका छन् । ३ महिना देखि ५ महिनासम्म मात्र आर्थिक काम गर्ने जनसंख्या ११.४ प्रतिशत र ६ महिना भन्दा बढी काम गर्नेको जनसंख्या ४१ प्रतिशत रहेको छ ।
आर्थिक रुपमा सक्रिय जनसंख्या पनि औसतमा ७०.४ प्रतिशत मात्र आर्थिक क्रियाकलापमा सक्रिय रहेका छन् । २९.६ प्रतिशत भने प्राय रोजगारीमा निष्क्रिय रहेको देखिन्छ । जनगणना २०७८ को नतिजा अनुसार आर्थिक रुपमा सक्रिय जनसंख्यामध्ये ९३ प्रतिशत रोजगार र ७ प्रतिशत बेरोजगार रहेका छन् ।
आर्थिक क्रियाकलाप (आर्यआर्जन) मा संलग्न जनसंख्यामध्ये ०.७ प्रतिशत सशस्त्र बल, ५.१ प्रतिशत व्यवस्थापकको रुपमा आवद्ध छन् । ३.८ प्रतिशत पेशाविद्हरु रहेका छन् । यस्तै १.१ प्रतिशत प्राविधिक तथा सहायक पेशाविद्हरु, १.३ प्रतिशत कार्यालय सहायकको रुपमा आयआर्जन अथवा रोजगरी गरिरहेका छन् ।
सेवा तथा वस्तु बिक्री गर्ने कामदार ५.८ प्रतिशत, कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु ५०.१ प्रतिशत छन् । शिल्पकार तथा कारिगरी र यससम्बन्धी व्यापार गर्ने कामदारहरु ५.६ प्रतिशत रहेको जनगणना २०७८ को नतिजाले देखाएको छ । २.७ प्रतिशत कारखाना तथा यन्त्र चालक र जडान गर्ने कामदारहरु २.७ प्रतिशत र सामान्य वा प्राथमिक पेशाका कामदारहरु २३ प्रतिशत रहेका छन् ।
जनगणना अगाडिको एक वर्षमा आर्थिक क्रियाकलापमा कृषि क्षेत्रमा ५७.३ प्रतिशत जनसंख्या संलग्न रहेका छन् । यस्तै ०.२ प्रतिशत खानी, ३.८ प्रतिशत निर्माण, ०.३ प्रतिशत बिजुली, ०.२ प्रतिशत पानी, ८.९ प्रतिशत निर्माण क्षेत्रको आर्थिक क्रियाकलापमा रहेको देखिन्छ ।
यस्तै १२.५ प्रतिशत थोक व्यापार, २.२ प्रतिशत यातायात, १.७ प्रतिशत आवास क्षेत्रका आर्थिक क्रियाकलापमा संलग्न छन् । वित्त क्षेत्रमा १.०९ प्रतिशत, जानकारी उद्योगमा ०.३ प्रतिशत, घरजग्गा व्यापारमा ०.२ प्रतिशत, पेशाविद्हरु ०.५ प्रतिशत छन् । व्यवस्थापक ०.३ प्रतिशत, सार्वजनिक प्रशासनमा १.९ प्रतिशत, शिक्षामा २.१ प्रतिशत, मानवस्वास्थ्यमा १.१ प्रतिशत, कला उद्योगमा ०.४ प्रतिशत आर्थिक क्रियाकलापमा संलग्न रहेका छन् ।
अन्य सेवामा ३.१ प्रतिशत, घरयासी क्रियाकलापमा ०.८ प्रतिशत, बाह्य संघसंस्था र यसका अंगहरुको क्रियाकलापहरुमा ०.१ प्रतिशत र कुनै उद्योग उल्लेख नभएको आर्थिक क्रियाकलापमा संलग्न ०.१ प्रतिशत रहेका छन् ।
जनगणना अगाडिको १ वर्षमा मुख्य आर्थिक काम गर्दा कामदारको रुपमा रोजगारीमा संलग्न, २८.६ प्रतिशत, रोजगादाताको रुपमा रोजगारीमा संलग्न १.४ प्रतिशत, आफ्नै खाता व्यवस्थापन गर्ने ५५.३ प्रतिशत र पारिवारिक आपूर्ति १४.५ प्रतिशत रहेको छ ।
उक्त अवधिको आर्थिक कामको संस्थागत क्षेत्रको आधारमा ३.९ प्रतिशत जनासंख्या सरकारी क्षेत्रमा १.०९ प्रतिशत जनसंख्या वित्तीय क्षेत्रमा, ३२.७ प्रतिशत गैर वित्तीय क्षेत्रमा, ०.४ प्रतिशत गैरनाफामूलक क्षेत्रमा र ६.८ प्रतिशत घरायसी क्षेत्रमा रहेका छन् ।

**२१ लाख ९० हजार ५९२ जना नेपाली विदेशमा**

२१ लाख ९० हजार भन्दा बढी नेपाली विदेशमा बसोबास गर्ने गरेको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ को पूर्ण प्रतिवेदनका अनुसार १५ लाख ५५ हजार ९६१ परिवारबाट २१ लाख ९० हजार ५९२ जना अक्सर विदेशमा बस्ने गरेको पाइएको हो ।
यो गत २०६८ को राष्ट्रिय जनगणनाभन्दा २ लाख ६९ हजार ९८ जनाले बढी हो । २०६८ को जनगणनामा १९ लाख २१ हजार ४९४ जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेको पाइएको थियो ।
जनगणना २०७८ मा १७ लाख ९९ हजार ६७५ जना पुरुष (८२.२ प्रतिशत) र ३ लाख ९० हजार ९१७ (१७.८ प्रतिशत) महिला विदेशमा रहेका प्रतिवेदनमा उल्लेख छ ।

**आर्थिक कार्यमा संलग्न नहुने जनसंख्या मधेशमा धेरै**

नेपालमा १० वर्ष भन्दा बढी उमेर भएका २ करोड ३९ लाख ५८ हजार ८६८ जनामध्ये ३७.५ प्रतिशत नागरिक कुन पनि आर्थिक काममा संलग्न नभएको पाइएको छ । जसमध्ये यस्तो संख्या सबैभन्दा धेरै मधेशमा रहेको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा कुनै पनि आर्थिक कार्यमा संलग्न नहुने नागरिक ४६.५ प्रतिशत रहेको छ । कुनै पनि बाँकी अन्तिम पेजमा....

**प्रकाशक : ट्रेड युनियन महासंघ नेपाल (टुकोन)**
**संरक्षक** : हिक्मतजंग भण्डारी (मो. ९८५१०९७४९६)
**सम्पादक** : कृष्ण खनाल
**लेआउट डिजाइन** : सुजन तामाङ
**व्यवस्थापक** : आनन्द कुमार रिसाल
**कार्यालय** : धुम्बाराही, काठमाडौं
**इमेल** : tuconnepaL@gmaiL.com
**वेबसाइट** : tuconnepaL.org.np
**फोन** : 01-4009137
**मुद्रण** : स्पिड लाईन प्रिन्टर्स. बागबजार, काठमाडौं

# सम्पादकीय

## सङ्क्रमणकालीन न्यायमा अनिष्टकारी 'सार्वजनिक मौनता'

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक संसदमा गत चैत्र ३ गते दर्ता भएको छ। करिब नौ वर्षअघि संसदबाट जारी ...बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलामिलाप आयोग ऐन, २०७१' मा भएका अस्पष्टता, सर्वोच्च अदालतले विगत पन्ध्र वर्षको अवधिमा दिएका आदेश एवं प्रतिपादन गरेका सिद्धान्त तथा अन्तर्राष्ट्रिय समुदायको सुझाव समेतलाई समावेश गरी नयाँ कानुन बनाउनु पर्ने भएकाले संशोधन विधेयकको आवश्यकता परेको हो।

कानुनको विषयवस्तुका बारेमा विभिन्न कोणबाट सामान्य बहस भैरहेकै छ र संसदमा केही संशोधन प्रस्तावहरू दर्ता भएका छन्। यद्यपि, विधेयकको गम्भीरताका सापेक्षतामा सरकार र सार्वजनिक वृत्त (नागरिक समाज र सञ्चार माध्यम) ले पूरा गर्नुपर्ने निश्चित जिम्मेवारीहरू माथि दुवैतर्फबाट डरलाग्दो खेलाँची भैरहेको छ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) माओवादीको अगुवाइमा २०५२ सालदेखि २०६२ सम्म सञ्चालित सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लंघनको छानबिन गर्ने कार्यसँग सम्बन्धित कानुनका रूपमा यस विधेयकले समाजको हरेक तप्कालाई संवेदनशील बनाउने सामर्थ्य राख्दछ। द्वन्द्वका प्रभावले नछोइएका नेपाली परिवार कमै होलान्। व्यक्ति हत्या, अपहरण, बेपत्ता, कुटपिट, सम्पत्ति कब्जा, सार्वजनिक अपमानलगायतका घटनाले ठूलो संख्यामा नागरिकलाई पीडा दिएको यथार्थ ओझेल पार्न सकिन्न।

नेपाल सरकार र नेकपा माओवादी बीच विक्रम ५ मंसिर २०६३ मा हस्ताक्षरित विस्तृत शान्ति सम्झौताले दशक लामो हिंसात्मक द्वन्द्व अन्त्य गर्दै शान्ति बहाल गर्‍यो। नेपालको वर्तमान राजनीतिक प्रणाली स्थापना गर्न क्रान्तिकारी परिवर्तनको शंखघोष गर्ने त्यही विस्तृत शान्ति सम्झौताका अनेक दफाहरूमा द्वन्द्वकालका मानवता विरोधी अपराध र मानव अधिकार उल्लग्नहरूको अनुसन्धान हुने व्यवस्था किटानीका साथ अभिलिखित छ। तसर्थ द्वन्द्वकालीन ज्यादतीको छानबिन हुनुपर्ने ...माग' कुनै व्यक्ति वा समूह विशेषको होइन, हाम्रो वर्तमान राजनीतिक प्रकियाकै अभिन्न हिस्सा हो।

शान्ति सम्झौताको लिखत अनुसार द्वन्द्वकालीन मुद्दाको किनारा लागुन्जेल सम्मको अवधि नेपालको शान्तिप्रक्रिया हो। संविधान सभाको निर्वाचन, नयाँ संविधान निर्माण, माओवादी लडाकू र हतियारको व्यवस्थापन यसै प्रक्रियाभित्र हासिल भएका उपलब्धि हुन्। अन्तिम किस्ताका रूपमा बाँकी रहेको सङ्क्रमणकालीन न्यायको मुद्दा सम्पूर्ण रूपमा टुङ्गो नलागेसम्म नेपालको शान्ति प्रक्रिया पूरा भएको मानिने छैन।

यस अवधिमा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चहरूमा नेपालको तर्फबाट शान्ति प्रक्रियाको मौलिकता तथा सशस्त्र द्वन्द्व व्यवस्थापनमा देखाइएको वा देखाउन सक्ने क्षमताबारे जनाइएका प्रतिबद्धता एवं व्यक्त गरिएका विचारहरूलाई अन्तर्राष्ट्रिय जगतले सार्वजनिक खपतका लागि बोलिने ...रिटोरिक' मात्र मानेको छ।

वास्तवमा अन्तर्राष्ट्रिय आयाम र नेपाली सेनाको संस्थागत अभिरुचि समेत एकैसाथ जोडिएको कुनै विधेयक वर्तमान संसदमा छ भने त्यो सत्य निरूपण विधेयक मात्रै हो। त्यसैले सङ्क्रमणकालीन न्यायको विश्वसनीय समाधान खोजी गर्नु आज नेपालको महत्वपूर्ण राष्ट्रिय स्वार्थ बन्नगएको छ।

यस प्रक्रियामा हाम्रो घरेलु सार्वजनिक वृत्तको आवाज जेनेभास्थित अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूले प्रस्तावित विधेयकका बारेमा नियमित जसो निकाल्ने वक्तव्य भन्दा ठूलो र विवेकपूर्ण हुनु आवश्यक छ। यसको ठीक विपरीत नेपालको सार्वजनिक वृत्तमा चाहिँ द्वन्द्वकालीन मुद्दाको विधिसम्मत निष्कर्ष खोजिनुपर्ने सन्दर्भमा आश्चर्यजनक सन्नाटा साधिएको छ।

द्वन्द्वको राजनीतिक व्यवस्थापन गर्ने कार्यमा सक्रिय रूपले खटिएको साथै शान्तिप्रक्रिया र गणतान्त्रिक संविधानको स्वामित्व लिन चाहने हाम्रो राजनीतिक ...डिस्कोर्स'ले सङ्क्रमणकालीन न्यायप्रति देखाएको मौनता मुलुकको लोकतान्त्रिक भविष्य र द्वन्द्व पीडित समुदायको न्यायिक आकांक्षा माथि समेत कुठाराघात हो। यसबाट शान्ति प्रक्रियालाई सम्पूर्ण रूपले निष्कर्षमा पुर्‍याएर नेपालको आत्मविश्वास बढाउने तथा हाम्रो लोकतान्त्रिक प्रणालीको क्षमता अभिवृद्धि गर्ने अवसर एकैसाथ कमजोर हुँदै गएको छ। यसलाई बदल्नुपर्छ र बदल्न सकिन्छ।

सरकार र सत्तारूढ गठबन्धनले दुई वर्षे समयसीमा तोकेर सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई संसदमा ...फास्ट ट्र्याक'बाट पारित गर्न चाहेको देखिन्छ। विधेयकमा रहेका कतिपय प्रावधान संशोधन गर्नैपर्ने प्रकृतिका छन्। सदनमा संख्याको बलले ती विषय माथिको बहसलाई रोक्ने प्रयास यसभित्र देखिन्छ।

# युरोपतिर मोडिदै नेपालीको रोजगारी गन्तव्य



-निर्मला घिमिरे

धादिङकी सन्दिपा गिरी रोमानिया पुगेको ९ महिना भयो। श्रम स्वीकृति लिएर गएकी उनी त्यहाँको एउटा 'फास्टफुड' मा काम गर्छिन्। नेपालबाट जाँदा म्यानपावरलाई करिब पाँच लाख रूपैयाँ बुझाइन्।

'हामी आठ जनाको समूहमा एकैपटक आएका हौं। कसैले साढे चार लाख त कसैले साढे ६ लाख रूपैयाँसम्म बुझाएर आएका छौं। म्यानपावरले मान्छेपिच्छे शुल्क चाहिँ फरक लिने रहेछ,' सन्दिपाले भनिन्।

एजेन्टहरूले कमिसन लिने गरेकाले फरकफरक शुल्क तिर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ। म्यानपावरले भनेजस्तै काम, तलब र सेवासुविधा भने पाइरहेको उनले बताइन्।

'५५० युरो (७८ हजारभन्दा बढी रूपैयाँ) तलब छ। खान, बस्न र कामका लागि आवश्यक यातायात शुल्क कम्पनीले नै बेर्होछ,' उनले भनिन्, 'तलब समयमै दिन्छ।'

उनका अनुसार बेलाबेला निरीक्षण हुने भएकाले कम्पनीहरूले नियमित पारिश्रमिक र सेवासुविधा दिन्छ। तर रोमनिया पुगेर गाउँ क्षेत्रतिर काम गरिरहेका अरू धेरैले भनेजस्तो काम र तलब नपाएको गुनासो गरेका छन्। 'उहाँहरूमध्ये केही त गाउँतिरबाट भागेर सहरतिर काम गर्न आउनुहुन्छ,' उनले भनिन्।

यहाँबाट काम गर्न गएको कम्पनी परिवर्तन गर्न रोमानियामा टिआर (भिसा अवधि सकिएपछि कम्पनीले बनाइदिने) कार्ड हुनुपर्ने वा भिसा अवधि नसकिएको हुनुपर्ने उनले बताइन्। त्यस्तै कुनै कम्पनी छाडेको ९० दिनभित्र अर्को काम खोज्नुपर्ने हुन्छ। त्यो अवधिमा काम नखोजे नेपाल फर्काइदिने उनको भनाइ छ।

रोमानियामा पाँच वर्ष काम ग़रेपछि आप्रवासी श्रमिकहरूले 'पिआर' पाउँछन्। पिआर पाएपछि परिवार लैजान सकिन्छ। आधारभूत अंग्रेजी भाषा जानेको भए काम गर्न धेरै सहज हुने सन्दिपा बताउँछिन्।

इलामका अविनाश खनाल रोमानियाको डुकाटेक्स नामक जुत्ता बनाउने कम्पनीमा काम गर्छन्। यो रोमानियाको राजधानी बुकारेस्टदेखि २० किलोमिटर दूरीमा जिलाबा भन्ने ठाउँमा छ। उनी त्यहाँ पुगेको एक महिना मात्रै भयो। श्रम स्वीकृति लिएर रोमानिया पुगेका उनको कमाइ राम्रै छ। 'मेहनत गर्नुपर्छ। महिनामा ७० हजार जति कमाइने रहेछ,' उनले भने। उनी म्यानपावर कम्पनीलाई साढे ६ लाख रूपैयाँ शुल्क तिरेर पुगेका हुन्।

त्यस्तै तीन वर्ष साउदीमा काम गरेर नेपाल फर्किएका सुर्खेतका नारायण ओझा यति बेला पोर्चुगल पुगेका छन्। उनी पाँच महिनाअघि त्यहाँ पुगेका हुन्। त्यहाँ एउटा घरको बगैंचामा काम गर्छन्। कमाइ मासिक ६५ हजार रूपैयाँ हुन्छ।

'यहाँ दुई वर्ष जति दुःख गर्न सकियो भने कार्ड बन्छ भन्ने आश छ। त्यसपछि युरोपका अरू देश बसेर कमाउँछु भन्दा पनि भयो,' उनले भने।

सन्दिपा, अविनाश र नारायण प्रतिनिधि मात्र हुन्, पछिल्लो समय युरोप जाने युवाको संख्या बढ्दो छ। राम्रो कमाइ हुने आशमा एक जनाले सात लाखदेखि १२ लाख रूपैयाँसम्म पनि एजेन्ट तथा म्यानपावरलाई बुझाउने गरेको पाइन्छ। युरोप रोजगारी मोहमा कतिपय युवालाई एजेन्टले अलपत्र समेत पार्ने गरेका घटना बाहिरिरहेका छन्। तर जोखिमै राखेर पनि युवाहरू युरोप पुगिरहेका छन्।

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर पनि क्रोएसिया, साइप्रस, फ्रान्स, पोल्यान्ड, रोमानिया जस्ता थुप्रै युरोपेली मुलुकमा जाने गरेका छन्। तथ्यांकअनुसार गत फागुनमा वैदेशिक रोजगारमा ६१ हजार ८४५ जना गएको देखिन्छ। यसमध्ये युरोप जानेको संख्या पनि धेरै छ। फागुनमा क्रोएसियाका लागि ५५७ जनाले श्रम स्वीकृति लिएका छन्। त्यस्तै साइप्रसका लागि ४५५ जनाले, फ्रान्सका लागि ३८, माल्टाका लागि २८२, पोल्यान्डका लागि ६०० र रोमानियाका लागि एक हजार ७० जनाले श्रम स्वीकृति लिएका छन्।

गत आर्थिक वर्ष क्रोएसियाका लागि पाँच हजार ३४४ जनाले श्रम स्वीकृति लिएका थिए। साइप्रसका लागि चार हजार १८१, फ्रान्सका लागि १६४, माल्टाका लागि एक हजार ९१५, पोल्यान्डका लागि एक हजार ८५५ र रोमानियाका लागि सात हजार ४७५ जनाले श्रम अन्तिम पेजमा....

# यूएईमा बिरामी श्रमिकलाई उपचार न क्षतिपूर्ति



**-होम कार्की**

काठमाडौं। संयुक्त अरब इमिरेट्स (यूएई) को अस्कट होटलमा काम गरिरहेका बेला दाङको तुलसीपुर-१८ का ३४ वर्षीय घनश्याम योगी गत नोभेम्बर २८ मा एक्कासि ढले। यूएईको एक होटलमा काम गरिरहेका बेला एक्कासि ढलेका दाङका ३४ वर्षीय घनश्याम योगी। उनको हाल काठमाडौंको एक अस्पतालमा उपचार भइरहेको छ।

किचन हेल्पर रहेका उनलाई होटलले तत्कालै अस्तर अस्पताल पुर्‍यायो। अस्तर निजी अस्पताल हो। यूएईको स्वास्थ्य नीतिअनुसार गम्भीर अवस्थाका बिरामीको आर्थिक अवस्था नहेरी उपचार गर्नुपर्छ। उच्च रक्तचाप भई कार्यस्थलमा ढलेको भन्दै अस्तरले तुरुन्तै शल्यक्रिया गरिदियो। मस्तिष्कको शल्यक्रियापश्चात् पनि उनी सामान्य अवस्थामा फर्किएनन्। उनी कोमामा गए।

योगी २०२१ नोभेम्बर १८ देखि अस्कटमा कार्यरत थिए। शल्यक्रिया सकिएलगत्तै कम्पनीले उनलाई नेपाल पठाउन खोज्यो। एक महिनापछि उपचार प्रभावकारी नभएको खबर परिवारलाई आयो। 'बिमाले जति कभर गर्न सक्ने हो, त्यसपछि थप उपचार गर्न सकिँदैन भन्ने खबर आयो,' योगीका ज्वाइँ ओमप्रकाश पुरीले भने, 'त्यसपछि हाम्रो सातो गयो। जसरी हुन्छ छिटो ल्याउनतिर लाग्यौं।' भिजिट भिसामा गएकाले वैदेशिक रोजगार बोर्डले उपचारको जिम्मेवारी लिएन। योगीका आफन्तले बिरामीलाई नेपाल ल्याउन परराष्ट्र मन्त्रालय, कन्सुलर विभाग र आबुधाबीस्थित नेपाली दूतावाससमक्ष हारगुहार गर्न थाले। 'उपचार पूरा नभएसम्म यहींको अस्पतालमै राख्नुपर्छ भन्ने पक्षमा उभिएका थियौं। योगीकै परिवारका सदस्यले छिटो बिरामी पठाइदिनू भन्न थालेपछि अस्पतालसँग समन्वय गरी नेपाल पठाइदिएका हौं,' यूएईका लागि कार्यवाहक राजदूत विशाल भट्टराईले भने, 'नेपालमा लैजाने खर्च पनि कम्पनीकै तर्फबाट बेहोरिदिएको हो।'

यूएईमा निजी अस्पतालको स्रोत र साधनले उपचार गर्न नसकिने भएपछि मात्रै सरकारी अस्पतालले बिरामी बुझ्ने अभ्यास छ। अस्तरले योगीलाई सरकारी अस्पताल पठाउन सकेन। स्थानीय सरकारी अस्पतालभन्दा नेपालमा नै पठाउन सहज भयो। उनको उपचारका लागि झन्डै एक लाख दिराम बिमाले ब्यहोरेको बताइएको छ। यूएईबाट नेपालसम्म लैजान कम्पनीले करिब २० हजार दिराम ब्यहोरेको दूतावासको भनाइ छ।'योगीको बिमा कम्पनीले नवीकरण नगरिदिएपछि अस्पताल प्रशासनले बक्यौता रकम बुझाएर बिरामी अन्यत्र लैजान बारम्बार ताकेता गर्न थाल्दा समस्या भयो,' नेपाली समाज यूएईका अध्यक्ष वेदप्रसाद अर्यालले भने, 'दाङ देउखुरी समाज र नेपाली समाजले संयुक्त रूपमा दूतावासमार्फत कम्पनीमा ताकेता गरेपछि अस्पतालको बाँकी रकम चुक्ता गरेर नेपाल पठायो।'

य़ोगीलाई ६ मार्चमा नेपाल ल्याइएको छ। काठमाडौंस्थित सहारा फिजियोथेरापी अस्पताल एन्ड ट्रेनिङ सेन्टरमा उनी उपचाररत छन्। अहिले सम्पूर्ण उपचारको जिम्मेवारी ५६ वर्षीय एक्ली आमाको काँधमा आइपरेको छ। आमाले नसक्ने भएपछि बहिनी र ज्वाइँले हेरिरहेका छन्। अस्पतालमा दैनिक कम्तीमा २२ सय रुपैयाँ खर्च भइरहेको छ। यो खर्च जुटाउन उनीहरूलाई कठिन छ। 'खासमा उपचारको सबै जिम्मेवारी यूएई कम्पनीले लिनुपर्थ्यो। उता उचित उपचार नभएपछि हामीले जिम्मेवारी लिनुपर्‍यो,' ज्वाइँ ओमप्रकाश पुरीले भने, 'कमाउन गएको मान्छे उल्टो कोमामा आउँदा हामी ठूलो आपत्मा छौं।'

नेपाल र यूएईबीचको श्रम सम्झौतामा कामदारको सुरक्षा र कल्याणकारीको सुनिश्चितता गर्ने उल्लेख छ। तर, नेपाली कामदारको स्वास्थ्य बिमाको व्यवस्था गर्ने विषयमा स्पष्ट छैन। 'कामदारको स्वास्थ्य हेरचाह गर्न रोजगारदाताको दायित्व स्पष्टसँग तोक्न चुकेको छ। गन्तव्य देशले रोजगारदाताको जिम्मेवारी पालना गराउनबाट पन्छिएको छ,' नेपाल-यूएई श्रम सम्झौतामाथि अनुसन्धानरत अनुराग देवकोटाले भने, 'स्वास्थ्य हेरचाह र बिमा सेवा नहुँदा कामदारका परिवारमाथि थप आर्थिक भार परेको छ।'

२०२१ जुलाई ९ मा बाथरुममा लडेर घाइते भएका महोत्तरीको बर्दिबास-११ का भीमबहादुर खपाङीलाई गत १६ फेब्रुअरीमा नेपाल ल्याइएको थियो। अहिले उनलाई ट्रमा सेन्टरमा राखिएको छ। नेपाल पठाइदिएपछि न यूएईको कम्पनीले हेरिदिएको छ, न वैदेशिक रोजगार बोर्डले नै खर्च ब्यहोरिदिएको छ। जसोतसो परिवार आफैंले खर्चको व्यवस्थापन गरिरहेका छन्। 'झन्डै दुई वर्षदेखि अचेत हुनुहुन्छ। उहाँलाई उता कुन अस्पतालमा राखिएको छ भन्ने थाहा भएन,' पत्नी गीताकुमारीले भनिन्, 'जस्तो अवस्था भए पनि हामीले मगायौं।' यस्तो बिरामीलाई सरकारले नै हेर्नुपर्ने उनको भनाइ छ। 'दैनिक ३-४ हजार खर्च भइरहेको छ,' उनले भनिन्, 'वैदेशिक रोजगार बोर्डले दिन्छ कि दिन्न थाहा छैन।' यूएईमा बिमाबिना भिसा लाग्दैन। कामदारको 'ग्रेड' अनुसार कम्पनीले बिमा गरेको हुन्छ। लेबरलाई सबैभन्दा तल्लो ग्रेड दिने गरिन्छ। त्यो अन्तिम पेजमा....

'श्रमजीवि वर्गको एकता आजको आवश्यकता'
परिश्रम
त्रैमासिक



# युवा बेरोजगारीले निम्त्याएको वितृष्णा: सम्भव छ दक्ष जनशक्ति उत्पादन र स्वदेशमै रोजगारी

-डा. कृष्माकर भट्ट



आजको समयमा राज्यको आर्थिक अस्थिरता, मन्दी, बेरोजगारी तथा सम्पन्न वर्गको बढ्दो बिलासिताका कारण युवा जीवनमा दैहिक, आदिभौतिक तथा आध्यात्मिक अनगिन्ती समस्या तथा चुनौतीहरूको सामना गरिराख्नुपरेको छ । चैत्र १० गते एउटा पत्रिकाको प्रथम पृष्ठमा एउटा फोटोसहित प्रकाशित समाचारले निकै दुःखी तुल्यायो ।

भर्खर विद्यालय शिक्षा (कक्षा १०) अध्ययन सम्पन्न गरी एसईई परीक्षाको तयारीमा रहेका विद्यार्थीलाई एसईई पछिको आ-आफ्नो गन्तव्य र भेट हुने ठाउँको रूपमा खाडी मुलुक प्रस्ताव गरेको देख्दा समृद्धिको हाम्रो यात्रा, हामीले प्रदान गरिराखेको शिक्षा र यसप्रतिको युवाहरूको विश्वास, परिवर्तनको मार्गमा आशावादिता, युवा मनोविज्ञान र समग्रमा युवाहरूमा व्याप्त नैराश्यतालाई प्रस्ट पारेको देखिन्छ । नेपाली युवा शिक्षित छन् तर आफूमा सीप तथा प्रविधि ज्ञानको अभावमा कामको संसारमा प्रवेश गर्न सकेका छैनन् । यसमा राज्यको शिक्षा नीतिको अपूर्णता देखिन्छ ।

शिक्षण संस्थाहरूबाट प्राप्त शिक्षा किताबी ज्ञानमा मात्र सीमित देखिन्छ, जसमा कामको संसारमा समाहित हुने अवसरको कमी रहेको पाइन्छ । हाम्रो शिक्षा प्रणालीमा सिकाइको व्यावहारिक प्रयोगको नितान्त कमी र प्रमाणपत्रलाई बढी महत्व दिइएको पाइन्छ । पाठ्यक्रम, सीप र कामप्रतिको अवधारणा, शिक्षण सिकाइ पद्धति, मूल्यांकनको ढाँचा, रोजगार बजार र सिकाइबीच तालमेलको अभाव जस्ता कारणहरूले शिक्षालाई कामसँग जोड्ने जुन परम उद्देश्य हो, त्यो पूरा हुन नसकेको यथार्थ हो । पेशा तथा व्यवसायमा आधारित मुख्य सीप सिकाइका साथै तदनुरूप निर्देशन तथा परामर्श सेवा उपलब्ध गराउने, सिकाइको निरन्तर परीक्षण गर्ने पद्धति न त नीति, पाठ्यक्रम तथा प्रशिक्षण गरिने विषयवस्तुको प्राथमिकतामा पर्न सकेका छन्, न नीति निर्माता, पाठ्यक्रम निर्माता, शिक्षाविद्, शिक्षण संस्था, शिक्षक-प्रशिक्षक वा अन्य सरोकारवालाको प्राथमिकताभित्र पर्न सकेका छन् । फलतः नियमित प्रक्रियाको रूपमा शिक्षण-प्रशिक्षण गरिने तर त्यसको व्यावहारिक प्रयोग, बाह्य संसारसँग सिकाइको उपयोग, चिन्तन मननसँग जोड्न नसकिएको यथार्थ छ । यस लेखमा शिक्षालाई व्यावहारिक, निरन्तर सिकाइयोग्य र रोजगार, स्वरोजगारसँग जोड्ने गरी औद्योगिक प्रशिक्षणहरूमा अधिकतम बल पुऱ्याउन सकिएमा बेरोजगारी घटाउनमा मद्दत पुग्ने विचार व्यक्त गरिएको छ ।

नेपालको संविधान २०७२ ले शिक्षा, रोजगारी तथा श्रम सम्बन्धी हकलाई मौलिक हकको रूपमा समेटेको छ । यसलाई कार्यान्वयनमा ल्याउन राज्यले रोजगारीका अवसरहरूको सिर्जना गर्ने वातावरण तयार गरी देशभित्र दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता देखिन्छ । जम्मा २ करोड ९१ लाख ६४ हजार ५७८ जनसंख्यामध्ये झण्डै ६२ प्रतिशत जनसंख्या १५-५९ वर्ष उमेर समूहको छ भने लगभग २८ प्रतिशत जनसंख्या १४ वर्षमुनिको रहेको छ । जनगणनाले करीब २२ लाख जनसंख्या विदेशमा रहेको र काम गर्ने उमेर समूहका लगभग ५७ लाख युवाहरूले त वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएको देखिएको छ । श्रम स्वीकृति नलिइकन नै वैदेशिक रोजगारीमा जानेको संख्या पनि धेरै छ ।

नेपालमा युवा जनसंख्याको अधिकता रहेको छ, १८ वर्षमुनिको जनसंख्या ९८ लाख ६९ हजार ५८३ रहेको छ । प्रत्येक वर्ष लगभग ५ लाख युवाहरूको श्रम बजारमा प्रवेश गर्ने गरेको छ । २०७९ सालको ७ महिनाको मात्र तथ्यांक हेर्दा ७२ हजार विद्यार्थीले विदेशमा अध्ययन गर्ने अनुमति लिएका छन्, जसबाट ४४ अर्ब रकम बाहिरिएको छ । अलि सम्पन्न परिवारका युवाहरू विदेशमा अध्ययनका लागि भनेर जाने गरेका भए पनि अधिकांशले सकेसम्म उतै बस्ने मनस्थिति बनाएर गएको देखिन्छ भने विपन्न परिवारका युवाहरूले ऋण लिएर भए पनि खाडी मुलुकतर्फ आप्रवासनको योजना बनाएको देखिन्छ । युवाहरू शिक्षा आर्जन वा आयआर्जनका लागि विदेश जानु, एउटा निश्चित समय अवधि विदेशमा व्यतित गरी सु-शिक्षित भएर, आयआर्जन गरेर, अनुभवसहित स्वदेश फर्किने माहोल बन्न सकेमा युवा आप्रवासनबाट आत्तिनुपर्ने अवस्था नरहला तर देशको भविष्यका कर्णधार युवाहरूलाई देश, देशको राजनीति, नेतृत्व, समाज, अर्थव्यवस्था, शिक्षा, यातायात, धर्म-संस्कृति, काम, विकासका गतिविधि लगायत सबै क्षेत्रमा नैराश्यता मात्र देखेर विदेशिने संकल्प गर्न थाले भने देशको अवस्था के होला ?

हाम्रो शिक्षण पद्धतिका कारण सिकाइ अधुरो रहेको र उद्योग क्षेत्रले शिक्षामा गुणस्तरको अभाव रहेको गुनासो धेरै पहिलादेखि व्यक्त गरिराखेको छ । एउटा सर्वेक्षणको तथ्यांकले शिक्षित जनशक्तिमध्ये ८० प्रतिशत युवा प्राविधिक रूपमा योग्य हुन नसकेको देखाएको छ । जसका कारण श्रम बजारमा जनशक्तिको आवश्यकता छ,

# नौ महिनामा दुई खर्ब लगानीको प्रतिबद्धता



काठमाडौं । नौ महिनामा करिब रु. दुई खर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ । उद्योग विभागले सार्वजनिक गरेको नौ महिना (गत साउनदेखि चैत मसान्तसम्मको) तथ्यांक अनुसार दुई सय १६ उद्योगका लागि रु. एक खर्ब ८० अर्ब बराबरको लगानी प्रतिबद्धता आएको हो । उक्त तथ्यांक अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ ।

चैत महिनामा मात्रै स्वदेशी तथा विदेशी लगानीका ३३ वटा उद्योगका लागि रु. २५ अर्ब ४४ करोड लगानी प्रतिबद्धता आएको हो । तथ्यांक अनुसार हालसम्म दर्ता भएका उद्योगले ६ लाख ७३ हजार आठ सय ६७ जनालाई रोजगारी दिने उल्लेख गरिएको छ । चैत महिनामा मात्रै तीन हजार छ सय १२ जनालाई रोजगारी दिने उल्लेख छ ।

यस्तै, नौ महिनामा दुई सय ५३ वटा विदेशी लगानीका उद्योगका लागि रु. ४१ अर्ब २१ करोड २४ लाख ३१ हजार चार सय ४६ लगानी प्रतिबद्धता आएको छ । जसमा चैतमा रु. आठ अर्ब ९१ करोड १२ लाख ६४ हजार छ सय ९० विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ । विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा रु. दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रु. तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रु. एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रु. तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

यसैगरी, मङ्सिरमा रु. ८० करोड आठ लाख, पुसमा रु. चार अर्ब ८५ करोड २० लाख, माघमा रु. एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ । विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा रु. पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा रु. छ अर्ब ३२ करोड, असोजमा रु. एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रु. ९८ करोड, मङ्सिरमा रु. पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रु. ६१ करोड २० लाख, माघमा रु. ५३ करोड ९५ लाख र फागुनमा रु. दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

त्यस्तै, चालु आर्थिक वर्षको नौ महिनामा करिब साढे १४ अर्ब नेपाली रुपैयाँ विदेशिएको छ । उद्योग विभागले सार्वजनिक गरेको चैत मसान्तसम्मको तथ्यांक अनुसार रु. १३ अर्ब ७७ करोड ४४ लाख १० हजार पाँच सय ५९ लाभाशंबापत रकम फिर्ताको सिफारिस भएको हो । विभागले नौ महिनामा रोयल्टीबापत रु. दुई अर्ब ११ करोड ६ हजार छ सय ३४, १२ लाख ४५ हजार ९१ अमेरिकी डलर, ३० करोड ६२ लाख ९६ हजार ६०९ भारतीय रुपैयाँ र सात हजार युरो विदेश लैजानका लागि विभागले सिफारिस गरेको छ । विभागले चैत महिनामा लाभाशंबापत रु. तीन अर्ब १४ करोड ५३ लाख २२ हजार दुई सय ३५ विदेश लैजान सिफारिस गरेको हो ।

यस्तै, रोयल्टीबापत चैत महिनामा रु. बीस करोड ६० लाख नौ हजार पाँच सय २६, ७३ हजार तीन सय १३ अमेरिकी डबर, १५ लाख ४५ हजार सात सय ८३ भारु. फिर्ता लैजानेगरी स्वीकृति प्रदान गरेको हो । यस्तै, चालु आवको नौ महिनामा विभागले व्यवसायी भिसा अन्तरगत एक हजार दुई सय २४ जना लगानीकर्ता, एक सय ८६ जना प्रतिनिधि र पाँच सय २४ जना आश्रितका लागि भिसा सिफारिस गरेको छ ।

# रोजगारको चक्रमा युवाको भविष्य

**-महेश भट्टराई**

> संज्ञानात्मक, व्यवहारजन्य तथा संवेगात्मक पक्षहरूको आकलन विद्यार्थीको व्यावसायिक शिक्षामा हुन्छ । सोही मुताबिक पठनपाठनको वातावरण निर्माण पनि भएको छ ।



महेश भट्टराई

संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीतिले नेपालको शिक्षालाई कक्षा १ देखि ८ सम्म आधारभूत तह, कक्षा ९ देखि १२ सम्म माध्यमिक र सोभन्दा माथि उच्च शिक्षा गरी तीन तहमा वर्गीकरण गरेको छ । कक्षा १२ भित्रै पर्ने प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रबन्ध प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मार्फत ऐनमा गरिएको छ । माध्यमिक शिक्षाजस्तो देखिए पनि यो विशेष शिक्षा हो । खासमा आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्नु व्यावसायिक शिक्षाको उद्देश्य मानिन्छ ।

बालबालिकाको संज्ञानात्मक (कग्निटिभ), व्यवहारजन्य (बिह्याभिअरल) तथा संवेगात्मक (अट्टिच्युडिनल) पक्षहरूको आकलन व्यावसायिक शिक्षामा हुन्छ । सोही मुताबिक पठनपाठनको वातावरण निर्माण पनि भएको छ। विज्ञान तथा प्रविधिको विकासले औद्योगिक क्रान्ति गरेको पाइन्छ । जसमा औद्योगिक क्रान्ति (वाष्प यन्त्रको आविष्कार), औद्योगिक क्रान्ति (उद्योगमा स्टिल र बिजुलीको प्रयोग), औद्योगिक क्रान्ति (सूचना तथा सञ्चार प्रविधिको प्रयोग) र औद्योगिक क्रान्ति (रोबोटिक्स तथा साइबर प्रविधिको प्रयोग) मा विकास भएको छ । शिक्षामा पनि सोही अनुरूपको विकास युरोपियन राष्ट्रहरूले गर्दै आएका छन् । ज्याक गर्स्टाइन (सन् २०१४) इन्टरनेटको क्रमागत तथा पुस्तागत विकाससँगै यी चारवटै वेभको विकास भएको बताउँछन् । त्यसो भए के हो त शिक्षाको यो पुस्तैनी परिभाषा र यसको व्यावसायिक शिक्षासँगको नाता ?

यस किसिमको पठनपाठनलाई क्रमशः पढाइ, सिकाइ र गराइ गरी तीनवटा क्रमागत विकसित तहमा विभक्त गरिएको हुन्छ । पहिलो तहमा शिक्षकले विद्यार्थीलाई ज्ञान प्रदान गर्छ । दोस्रोमा शिक्षक तथा विद्यार्थी दुवै सहभागी भएर विद्यार्थीले सिक्ने प्रयत्न गर्छ । तेस्रोमा विद्यार्थी आफैं सक्रिय भई ज्ञान निर्माण गर्छ । यही तेस्रो किसिम (तहको शिक्षा) नै व्यावसायिक शिक्षाको पठनपाठनको वातावरण तथा विधि हो । वर्तमान प्रतिस्पर्धी तथा नयाँ सीप खोजिरहने, थोरै समयमात्र रहने परिवर्तनशील प्रविधि र अनुमान गर्न नसकिन रोजगार बजारका लागि व्यावसायिक मात्र नभएर साधारण शिक्षा पनि तेस्रो तहमै हुनुपर्ने देखिन्छ । गस्टाइनले विभाजन गरेको शिक्षा १, २ र ३ लाई विश्व आर्थिक मञ्च (वर्ल्ड इकोनोमिक फोरम) ले शिक्षा-४ मा विभाजन गरेको छ । जुन निम्न छन्-

शिक्षा १ : नेपालमा सबै तहका हालसम्मका शिक्षामा शिक्षक सर्वज्ञान सम्पन्न सक्रिय तथा अधिकारसम्पन्न शैक्षिक अधिकारी हुन्छ र विद्यार्थी निष्क्रिय प्राप्तकर्ता हुन्छ । शिक्षकले निर्देशित गरेको शिक्षामात्र ग्रहण गर्ने विद्यार्थीले कण्ठ गर्छ र सोधेको प्रश्नको जवाफ फर्काउँछ । यस्तो शिक्षामा प्रविधिको प्रयोग पटक्कै गरिन्न । शैक्षिक प्रमाणपत्र नै यो शिक्षाको मुख्य उपलब्धि हो । जसले विवेकशील नागरिक तयार पार्दैन ।

शिक्षा २ : यसमा शिक्षक-विद्यार्थीबीच दोहोरो सम्बन्ध स्थापित हुन्छ। विद्यार्थीको सक्रियता पठनपाठनमा बढ्दै जान्छ । विद्यार्थीले शिक्षामा सञ्चार, कौतुहल जोड्छ र शिक्षकसँग मिलेर समस्या समाधानमा लाग्छ । कम्प्युटरको उपयोग यहाँ क्लिक्सको रूपमा प्रयोग छ । यस्तो शिक्षामा अन्य प्रविधिको प्रयोगसमेत गरिन्छ । विद्यार्थीको शारीरिक, मानसिक, सांस्कृतिक तथा अन्य पक्षअनुसार शैक्षिक वातावरण तथा उपयुक्त विधि अवलम्बन गरी पठनपाठन गराइन्छ। परीक्षा र यसको नतिजा तथा अन्तमा ज्ञानको स्मरण नै यो शिक्षाको मुख्य उपलब्धि हो ।

शिक्षा ३ : तेस्रो पुस्ताको मानिने यो तहको शिक्षामा विद्यार्थी पाठनपाठनको केन्द्रमा हुन्छ । शिक्षक पठनपाठनमा समन्वयकर्ता, सहजकर्ता, सल्लाहकार तथा सहयोगीको रूपमा प्रस्तुत हुन्छ । विद्यार्थीले आफैं सीप तथा ज्ञानको खोजी गर्छ । सिक्ने स्थान बदलिइरहन्छन् । जहाँसुकै र जहिलेसुकै सिक्ने अवसर निर्माण गरिन्छ । विद्यार्थीले शिक्षकले उठान गरेको विषयमा (शिक्षा) आफ्नो खोज जोड्ने भूमिका गर्छ । यसरी नयाँ विचार निर्माण गर्छ । जसमा प्रविधिको प्रयोग गरिन्छ । विद्यार्थीको शारीरिक, मानसिक, सांस्कृतिक तथा अन्य पक्षअनुसार शैक्षिक वातावरण तथा उपयुक्त विधि अवलम्बन गरी पठनपाठन गराइन्छ ।

शिक्षा ४ : यो तहको शिक्षामा विद्यार्थी पठनपाठनको केन्द्रमा हुन्छ । विद्यार्थी सहसिर्जना तथा नवप्रवर्तनको केन्द्रमा हुन्छ । यसमा प्रत्यक्ष प्रयोगात्मक अन्तरसंवाद तथा अभ्यास गरिन्छ । सिकाइ घरभित्र वा बाहिर जहाँसुकै भए पनि सीप विकास चाहिँ स्कुलमै हुन्छ । शिक्षकले व्यक्तिकेन्द्रित शिक्षण सिकाइ विधि अवलम्बन गर्छ । सिकाइ योजना सिर्जनशील योजनामा बदलिन्छ । विद्यार्थी अनिश्चित बहुपेसामा तयार हुन्छ । सहसर्जक र उद्यमशील बन्छ । नेपालमा समग्र शिक्षाको मार्गचित्र मानिन्छ शिक्षा नीति (२०२०) । व्यावसायिक शिक्षाको मार्गचित्र मानिन्छ व्यावसायिक शिक्षा रणनीतिक योजना (२०२३) । के यिनमा शैक्षिक संसार र कामको संसारमा परिकल्पना गरिएको माग, परिवर्तन तथा अनिश्चिततालाई माथि भनिए झैं सम्बोधन गर्न खोजिएको छ ? दुवै नीति निर्माणमा तिनै विकास साझेदारका तर्फबाट काम गरेका नेपालीले तथा प्राधिकार सम्पन्न नेतृत्वले न्याय गर्न सकेका छन् ? जनगणनाले उल्लेख गरेझैं जनसांख्यिक लाभ कम हुँदै गएको अवस्थामा अनिश्चित बजारका लागि दक्ष जनशक्ति निर्माण गर्न अब के कस्तो योगदान हुन सक्छ ? प्रश्न उठेका छन् । जवाफ सोचनीय छ ।

हाल उद्योग प्रतिष्ठान, सरकार, शिक्षक तथा अभिभावक गरी चार तहका योगदानकर्ता छन् । पहिलो योगदानकर्ताले उत्पादनमा प्रयोग हुने कार्यशाला पठनपाठनका लागि उपलब्ध गराउने र परिवर्तनको आकलन गरिएको पठनपाठनलाई शिक्षकलाई तालिमका मार्फतबाट तयार गर्नमा संलग्न हुनुपर्छ । यस्तो योगदानले लगानी, गुणस्तर, दिगोपन तथा सामाजिक स्विकार्यतामा सघाउ पुग्छ । दोस्रो योगदानकर्ता सरकारले शिक्षकको समयानुकूल तालिमको विकास गर्ने, परिलक्षित पाठ्यक्रमको निर्माण गर्ने, सामाजिक बजारीकरणको व्यवस्था मिलाउने र सबै उपक्रममा लगानीको सुनिश्चितता गर्नुपर्ने हुन्छ । तेस्रो, योगदानकर्ता शिक्षकले भविष्यमा हुन सक्ने रोजगारीको परिवर्तनलाई सम्बोधन गरी पठनपाठन गर्नुपर्छ । चौथो, अभिभावकले खेलका माध्यमबाट घरमै सीप विकासमा जोड दिने र घर तथा समुदायका दैनन्दिन कार्यमा संलग्न गराएर सामाजिक बनाउने ।माध्यमिक शिक्षा तथा उन्नत अंग्रेजीका माध्यमबाट पाश्चात्य मुलुकका लागि विज्ञापनको सिकार बनाइएका उच्च शिक्षाका विद्यार्थीबारे के राज्यसंयन्त्रलाई जानकारी छ ? राज्यको लगानी बसुधैव कुटुम्बकमका आधारमा खर्चिएको छ कि हाम्रा लागि ? सही शैक्षिक व्यवस्थापन गर्न सकेमा मात्र रोजगार चक्र (इम्प्लोइमेन्ट इकोसिस्टम) मा हुने परिवर्तनलाई सम्बोधन गर्न सकिन्छ । यसरी सीपको अभावमा हुने बेरोजगारी अन्त गर्न सकिन्छ ।

# देशभरका उद्योग-प्रतिष्ठानमा कति छन् श्रमिक ?



काठमाडौं । देशभर रहेका उद्योग र प्रतिष्ठानमा तीन लाख ८१ हजार ६८७ जना श्रमिकहरु रहेको नयाँ विवरण सार्वजनिक भएको छ । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको राष्ट्रिय औद्योगिक सर्भे रिपोर्टमा यस्तो तथ्याङ्क सार्वजनिक भएको हो ।विभागकाअनुसार यो संख्या तलबी, ज्यालादारी र कामदार श्रमिकको हो । नेपालमा अध्ययन प्रतिवेदनअनुसार नेपालमा सबैभन्दा धेरै कामदार श्रमिक औद्योगिक उत्पादनशील क्षेत्रमा छन् ।दोस्रो धेरै श्रमिक कर्मचारी रहेको क्षेत्र विद्युत ग्याँस, बाफ तथा वातानुकुलिन क्षेत्र हो । तेस्रो धेरै श्रमिक रहेको क्षेत्र पानीको आपूर्ति ढल निकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्र हो । यस्तै खानी तथा उत्खनन क्षेत्रमा बाँकी श्रमिक छन् ।

विभागको विवरणअनुसार औद्योगिक उत्पादनशिल क्षेत्रमा नेपालमा ३ लाख ८१ हजार ६८१ तलबी कामदार छन् । विद्युत ग्यास, बाफ तथा वातानुकुलिन क्षेत्रमा १७ हजार २३८ जना, पानीको आपूर्ति ढल निकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्रमा १२ हजार ५८७ जना र खानी तथा उत्खनन क्षेत्रमा ५ हजार ७१९ जना श्रमिक कार्यरत छन् ।

# ८ वर्षमा सात श्रम गन्तव्य मुलुकमा ३३ लाख ९४ हजार नेपाली वैदेशिक रोजगारीका लागि पुगे




-भूपेन्द्र शाह ठकुरी

काठमाडौं । वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या बढ्दो छ । ८ वर्षको अवधिमा ३३ लाख ९४ हजार नेपाली वैदेशिक रोजगारीमा गएका छन् ।

महालेखा परीक्षकको ६०औं प्रतिवेदन अनुसार, कतार, साउदी अरब, मलेसिया, ओमान, बहराइन, कुवेत र युएईसमेतका ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारको संख्या बढ्दै गइरहेको देखाएको छ । निःशुल्क भिसा र टिकटको व्यवस्था भएका ती मुलुकमा २०७२/०७३ देखि ०७८/०७९ सम्म ३३ लाख ९४ हजार नेपालीहरु वैदेशिक रोजगारीका लागि गएको तथ्यांकमा उल्लेख छ ।

**१० वटा देशसँग मात्रै श्रम सम्झौता**

नेपालले हालसम्म १० वटा देशसँग श्रम सम्झौता गरेको छ । श्रम सम्झौता गरेका बाहेकका मुलुकहरुमा रोजगारीका लागि जाने अनुमति छैन। महालेखा परीक्षकको प्रतिवेदन अनुसार संस्थागत रुपमा १११ र १७८ देशमा व्यक्तिगत रुपमा वैदेशिक रुपमा पठाउन/जान खुला गरिएको छ । सरकारले इराक, लिबिया र युक्रेनमा जान भने रोक लगाएको छ ।

साउदी अरेबियामा सरकारले श्रम सम्झौता नगरेरै कामदारहरु जान पाउने अनुमति प्रदान गरेको छ। वैदेशिक रोजगारीमा गएकाहरुमध्ये २८.१७ प्रतिशत नेपाली कामदारहरु साउदी अरेबियामा रहेका छन् ।

**दक्ष कामदार भन्दा अदक्षको संख्या बढी**

वैदेशिक रोजगारमा जाने कामदारहरुले कुन काममा जाने ? कामको प्रकृति के हो ? कति घण्टा काम गर्नुपर्छ ? लागत के ? पारिश्रमिक के कति भन्ने कुराको जानकारी लिएर जानुपर्ने हुन्छ। साथै वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३० मा सीपमूलक तालिम आवश्यक पर्ने काम गर्न वैदेशिक रोजगारीमा जाने कामदारले नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट तालिम लिनुपर्ने व्यवस्था छ ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार वैदेशिक रोजगारीका लागि विगत पाँच वर्षमा गएका २२ लाख ८८ हजार २६ मध्ये पाँच वर्षको औसत प्रवृत्तिलाई विश्लेषण गर्दा उच्च दक्षतायुक्त ०.०३ प्रतिशत, पेशाविद् ०.१३ प्रतिशत, अर्धदक्ष ८.७५ प्रतिशत, दक्ष ३.५१ प्रतिशत र अदक्ष कामदार ५४.५८ प्रतिशत रहेको छ ।

**१९ हजार बढीको गुनासो, ६ हजारको मात्रै सम्बोधन**

वैदेशीक रोजगारसम्बन्धी गुनासोका लागि सरकारले कास्की, रुपन्देही, दाङ, बाँके लगायत ८ जिल्लामा आप्रवासी स्रोत केन्द्र सञ्चालन गरेको छ । ती केन्द्रमा वैदेशिक रोजगारसँग सम्बन्धित १९ हजार ६५६ गुनासो प्राप्त भएकोमा ६ हजार मात्र सम्बोधन भएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ ।

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २६ मा वैदेशिक रोजगारसँग सम्बन्धित सूचना तथा जानकारीमूलक सामग्री तयार गर्ने, सूचना संकलन, प्रशोधन, विश्लेषण गर्ने उद्देश्यले स्थापना गरिएका उक्त स्रोत केन्द्रमा गुनासोहरुको उचित सम्बोधन हुन सकिरहेको छैन ।

त्यसैगरी श्रम नियमावली २०७५ को नियम १६२ बमोजिम रोजगारदाता र श्रमिक पदाधिकारीविरुद्ध ०७९ मा ७५२ वटा उजुरी दर्ता भएका छन् । उक्त उजुरीबारे कार्यान्वयनको अवस्थाबारे कुनै विवरण नखुलाएको प्रतिवेदनमा उल्लेख छ । श्रम अदालतले कार्यान्वयनका लागि गरेका ४२ वटा फैसलामध्ये १३ वटा मात्रै कार्यान्वयनमा भएको र २९ वटा कार्यान्वयन हुन बाँकी रहेका छन् ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजतपत्र नलिएका तर शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणको अनुमति लिएका ३ परामर्शदाताले यो वर्ष १८३ जनाबाट ५९ करोड ५६ लाख ठगी गरेको वैदेशिक रोजगार विभागलाई उदृत गर्दै महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

**मृत्यु र अंगभंग हुनेहरु बढे**

वैदेशिक रोजगार बोर्डको सचिवालयका अनुसार वैदेशिक रोजगारको क्रममा मृत्यु र अङ्गभङ्ग हुनेको संख्या गत २०७८ सालमा क्रमश १ हजार २४२ र १४३ रहेकोमा, २०७९ मा क्रमशः १ हजार ४७९ र २४५ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगारको क्रममा गम्भीर बिरामी भएका तथा विभिन्न कानुनी कारबाही र परिबन्दमा परेका नागरिकको उपचार र कानुनी प्रतिरक्षासम्बन्धी कार्य हुन नसकेको, बीमा दाबी भुक्तानीमा समस्या, बोर्डबाट प्रदान हुने कल्याणकारी कार्यको सम्बन्धमा पर्याप्त प्रचार-प्रसार हुन नसकेको जनाइएको छ । त्यसैगरी वैदेशिक रोजगारको क्षेत्रमा हुने ठगीमासमेत अपेक्षित सुधार हुन नसकेको प्रतिवेदनमा उल्लेख छ ।

# चैतमा साढे ३३ अर्ब रकमान्तर


काठमाडौं । चालू आर्थिक वर्षको चैत महिनामा मात्र सरकारले करिब साढे ३३ अर्ब रुपैयाँबराबर रकमान्तर, स्रोतान्तर र थप निकासा गरेको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको '२०७९ चैत महिनामा पुँजीगततर्फ रु एक करोडभन्दा बढीको एक उपशीर्षकबाट अको बजेट उपशीर्षकमा भएको र कमान्तरको विवरण' अनुसार रु ३३ अर्ब ३४ करोड ४५ लाख ८१ हजार बराबर रकमान्तर भएको हो । यो अवधिमा अर्थ मन्त्रालयले रु २७ अर्बबराबर आन्तरिक ऋण तिर्नका लागि रकमान्तर गरेको छ । यो रकम अर्थ विविध शीर्षकबाट निकासा दिइएको छ। त्यस्तै, अर्थ विविध शीर्षकबाटै गण्डकी प्रदेश प्रमुखको कार्यालयको चालू खर्चका लागि रु २८ लाख ४३ हजारबराबर थप निकासा दिइएको छ । संघीय संसद् सचिवालयका कर्मचारी, सुरक्षाकर्मी र पदाधिकारीका स्वकीय सचिवालयका कर्मचारीका लागि अतिरिक्त समय भत्ताका रूपमा रू ५० लाख निकासा दिइएको छ । लोकसेवा आयोगलाई रु चार करोड ३३ लाख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि रु छ करोडबराबर निकासा दिइएको छ ।

चैत महिनामा दुईवटा योजना तथा कार्यक्रमका लागि बहुवर्षीय ठेक्काको स्रोत सहमति दिइएको अर्थ मन्त्रालयले जनाएको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत ललितपुरको गोदावरीमा राष्ट्रिय 'हरबोरियम' भवन निर्माणका लागि रु ४० करोड ५० लाख र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सामाखुसी-टोखा-गुर्जे सडक आयोजनाका लागि रु सात करोड ६२ लाखबराबर स्रोत सहमति दिइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बूढीगण्डकी जलविद्युत् आयोजनाको रु १९ करोड रकमान्तर गरेर नदी नियन्त्रण आयोजनाका लागि दिएको छ । त्यसैगरी, पालुङटार-कुण्डुटार सिँचाइ आयोजनाको रु तीन करोड ६४ लाख र सिँचाइ पुनर्स्थापना आयोजनाको रु तीन करोड ९० लाखबराबर रकमान्तर गरेर नदी नियन्त्रण आयोजनाका लागि दिइएको छ । बूढीगण्डकी जलविद्युत् आयोजनाको रु २१ करोड रकमान्तर गरेर बृहत् सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन कार्यक्रमका लागि र रु २५ करोड रकमान्तर गरी सुनसरी-मोरङ आयोजनालाई दिइएको छ। बूढीगण्डकीकै रू २० करोड समृद्ध तराई-मधेस सिँचाइ विशेष कार्यक्रमका लागि र रु छ करोड भूमिगत स्यालो ट्युबवेल कार्यक्रमका लागि दिइएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले उत्तर-दक्षिण राजमार्गको रु नौ करोड घटाएर काठमाडौं उपत्यका सडक बिस्तार आयोजनालाई रकमान्तर गरिएको छ । राप्ती लोकमार्गको रु छ करोड ५० लाख रकमान्तर गरेर स्थानीय सडक पुल निर्माण कार्यक्रमका लागि र प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रमको रु १० करोड रकमान्तर गरेर निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रमलाई दिइएको छ ।

# श्रम बजार र अपांगता भएका महिला




-नीरा अधिकारी


पछिल्लो समय महिला अधिकारका लागि विभिन्न अभियान सुरु भएका देखिन्छन्– विकासमा महिला, महिला र विकास, लैंगिक विकास, मानव विकास आदि । यिनमा अपांगता भएका महिलाहरूको अन्तरखण्डीकरण (इन्टरसेक्सनालिटी) र लैंगिकताको सवाल कहाँनेर छ ? अपांगता भएका महिलाको अवस्था श्रमिक महिलाका रूपमा कहाँनेर भेट्न वा देख्न सकिन्छ त ? यहाँ यसैको उत्तर खोज्ने प्रयास गरिएको छ ।

नेपालमा अपांगता भएका व्यक्तिहरू जनसंख्याको करिब २ प्रतिशत छन् । तीमध्ये अपांगता भएका महिलाहरू ४५ दशमलव ७३ प्रतिशत छन् । विश्व स्वास्थ्य संगठन अनुसार अपांगता भएका महिलाहरूको संख्या विश्वमा १९ दशमलव २ प्रतिशत छ भने पुरुषहरूको संख्या १२ प्रतिशत मात्र । यसबाट नेपालमा तथ्यांक संकलनमा कुनै कमजोरी थियो कि भन्ने संशय खडा गरेको छ । यद्यपि अपांगता भएका व्यक्तिहरूको उपलब्ध तथ्यांकलाई नियालेर हेर्दा अपांगता भएका महिलाहरूको उपस्थिति हरेक क्षेत्रमा अति न्यून देखिन्छ । नेपाल सरकारले निजामती सेवा ऐन-२०४९ लाई २०६४ सालमा संशोधन गरी समाजमा पछाडि परेका वर्गमध्ये महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपांगता भएका व्यक्तिहरू र पिछडिएको क्षेत्रलाई समेत आरक्षणको व्यवस्था गरेको छ । यस व्यवस्थाले अपांगता भएका व्यक्तिहरूलाई समेत निजामती सेवामा आकृष्ट गरिरहेको छ । तर, निजामती सेवा प्रवेश गर्न लोकसेवा आयोगको निर्धारित पाठ्यक्रममा रहेर परीक्षा दिनुपर्ने हुन्छ, जुन दृष्टिविहीनको पहुँचमा हुन्नन् । केही संघसंस्थाको प्रयासमा डेजी रेकर्ड पठ्य सामग्रीहरू निर्माण गरिएनि यसले सबै विषय र सबैको आवश्यकता परिपूर्ति गर्न सकेको छैन ।

शिक्षक सेवामा पनि परीक्षा प्रणालीदेखि पदस्थापनसम्मका विषयहरू चुनौतीपूर्ण छन् । अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन-२०१७ मा अपांगता भएका व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिने भनिएको त छ, तर मन्त्रिपरिषद्ले हालै सम्पूर्ण नियुक्ति प्रक्रिया योग्यता प्रणालीमा आधारित रहने निर्णय गरेकाले आर्थिक वर्ष २०७९-८० मा सञ्चालित परीक्षाका उत्तीर्ण स्थायी शिक्षकहरूको पदस्थापन त्यही क्रममा भइरहेको छ । यस पदस्थापनले अनेकौं बाधा उत्पन्न गरेको छ । पूर्ण दृष्टिविहीन व्यक्ति र शारीरिक रूपमा अशक्त व्यक्तिहरू यस निर्णयका कारण थप चुनौती भोग्न विवश बनिरहेका छन् । अर्कातर्फ, पदस्थापन भएको विद्यालयले निजलाई हाजिर नगराउने र विद्यालय व्यवस्थापन समितिहरूले दृष्टिविहीन व्यक्तिलाई कुनै हालतमा पनि नराख्ने निर्णय गर्नाले कानुनको उल्लंघन भइरहेको छ । यति हुँदा पनि कानुनको उल्लंघनमा दिन सकिने अवहेलनाको मुद्दा भने कार्यान्वयनमा ल्याउने तत्परता देखिँदैन । त्यसो त अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन-२०१७ मा पनि अपांगता भएका व्यक्तिलाई विभेद गरेमा सजायको भागीदार हुनुपर्ने स्पष्ट व्यवस्था छ । त्यस्तै, कुनै निजी कम्पनीले गरेको विज्ञापनमा दरखास्त हाली अन्तर्वार्तासम्म पुग्दा कार्यालय अपांगतामैत्री नभएको भनी जागिर नदिने र अपांगता भएका महिलाहरूलाई सुरक्षाको विषयसमेत उठान गरी रोजगारीबाट अलग राखिदिने कार्यहरू भइरहेका छन् । अपांगता भएका महिलाको वृत्ति विकासमा लगानी गर्ने गरी कुनै संस्थालाई सामाजिक दायित्वमा बाँध्ने काम पनि हुन सकेको छैन ।

श्रमको अर्को महत्वपूर्ण विषय स्वरोजगार पनि हो । अपांगता भएका व्यक्तिहरूले खास गरी सीपमा आधारित व्यवसाय गरिरहेका छन्, जसमा करिब ८ प्रतिशत व्यक्तिहरू संलग्न रहेको अनुमान छ । तिनीहरूले माला बुन्ने, फेल्टका सामग्री बनाउने, जुत्ता बनाउने, फिनायल-हर्पिक-झोल साबुन बनाउने, मुढा बुन्ने, ऊनका सामग्रीहरू बनाउनेजस्ता कार्य पनि गरिरहेका छन् । यस्ता तालिम पाएका धेरैजसो महिलाले चाहिँ लगानीको अभावमा व्यवसाय सुरु गर्न पाएका छैनन् । अपांगता भएका महिलाहरूका लागि बजार व्यवस्थापन पनि चुनौतीपूर्ण रहेको भुक्तभोगीहरूको अनुभव छ । दृष्टिविहीन व्यक्तिहरू धूपको व्यापारका सिलसिलामा नेपालका सबै जिल्ला पुगेको र यसकै नाफाले दैनिकी चलाएको पनि देखिएको छ । अपांगताकै क्षेत्रमा काम गरिरहेका केही संस्थाको अध्ययनले अपांगता भएका महिलाहरूको बैंक तथा वित्तीय संस्थाहरूमा स्वतन्त्र पहुँच नरहेको र त्यस्ता सेवाप्रदायक निकायहरूले अपांगतामैत्री वातावरण र समदृष्टिकोण बनाएर लगानी नगर्दा अपांगता भएका महिलाहरूमा कर्जा प्रवाहको सम्भावना कमजोर देखिएको छ ।

# विराटनगरका १५ सहकारीको दर्ता खारेज




विराटनगर । झन्डै १५ सय बचतकर्ताको एक अर्ब ४८ करोड रुपैयाँ गोलमाल गरेर तुलसी बहुमुखी सहकारी संस्थाका सञ्चालक फरार भएपीछ विराटनगर महानगरपीलकाले आफ्नो क्षेत्रीभत्रका सहकारीको अनुगमन गर्दै दर्ता खारेज गर्ने प्रीक्रया थालेको छ । तुलसी सहकारीका अध्यक्ष केदारनाथ शर्मासीहत पाँच जना सञ्चालक फरार छन् । उपाध्यक्ष अीनता गौतम, सीचव सीवना निरौला र प्रबन्धक मीन्दप खवासलाई जिल्ला अदालत मोरङले पुपंक्षका लीग मोरङ कारागार पठाएको छ ।

यसै क्रममा महानगरमा दर्ता भएर पाँच वर्षसम्म पटकपटक ताकेता गर्दा पीन सम्पर्कमा नआएका र उल्लेख गीरएको स्थानमा कार्यालय पीन नभएका १५ सहकारीको दर्ता खारेज गीरएको छ। दर्ता खारेज गीरएका ती सहकारीमा कीत सर्वसाधारणको कीत बचत थियो र कस्तो अवस्थामा छ भन्ने विषयमा महानगर अनीभज्ञ छ। यसबारे महानगरपीलकाले खोजी गीररहेको जनाएको छ ।

महानगरमा १ सय ९१ सहकारी संस्था दर्ता छन् । तीमध्ये पाँच वर्षसम्म सम्पर्कमा नआउने र उल्लेख गीरएका स्थानमा कार्यालयसमेत नभएका १५ सहकारीको दर्ता खारेज गीरएको महानगर सहकारी शाखा प्रमुख प्रीत गडतौलाले बताए ।

महानगरले दर्ता खारेज गरेका सहकारी संस्थामा विराटनगर-२ को सीक्रय बचत तथा ऋण सहकारी संस्था लि, विराटनगर-४ को पुष्पाञ्जली बहुउद्देश्यीय सहकारी, वडा नम्बर ५ को विराट कोसेली घर, एक्सचेन्ज बचत तथा ऋण सहकारी, वडा नम्बर ७ को सुमेरु बचत तथा ऋण सहकारी र वडा नम्बर ८ को सहयोगी सहकारी छन् । यी पाँच वर्षसम्म सम्पर्कमा नआएका, लेखा परीक्षण नगरेका, साधारणसभा नगरेका र विवरण नबुझाएका सहकारी हुन् ।

महानगरले विराटनगर-९ को भिजन फर्मा सहकारी, खाटुश्याम बचत तथा ऋण सहकारी, सत्यम् ओम साई बचत तथा ऋण सहकारी संस्था, सबल बचत तथा ऋण सहकारी संस्था, युरो बहुउद्देश्यीय सहकारी संस्था लीमटेड, विराटनगर-१२ को गजलक्ष्मी बचत तथा ऋण सहकारी, वडा नम्बर १४ को गीरमा बचत तथा ऋण सहकारी, बहुमूल्य कृीष सहकारी र वडा नम्बर १५ को ऋीद्धीसीद्ध बचत तथा सहकारीको पीन दर्ता खारेज गरेको गडतौलाले जनाए ।

# प्राधिकरणको ४०.१२ अर्ब महसुल उठ्न बाँकी, बक्यौता नतिर्ने उद्योगको लाइन काटिँदै

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले ग्राहकबाट असुल गर्नुपर्ने विद्युत् महसुलको बक्यौता ४० अर्ब १२ करोड पुगेको छ । महालेखा परीक्षकको हालै सार्वजनिक आर्थिक वर्ष ०७८/८९ को लेखापरीक्षण प्रतिवेदनअनुसार डेडिकेटेड तथा ट्रंक लाइनको मात्रै १९ अर्ब ९५ करोड बक्यौता छ । त्यसअनुसार विद्युत्को नियमित महसुल मात्रै २० अर्ब १७ करोड बक्यौता देखिन्छ । जसमा सडकबत्तीको मात्र पाँच अर्ब १८ करोड बक्यौता छ । विभिन्न स्थानीय तहहरूले आफ्नो क्षेत्रभित्रका सडकहरूमा बत्तीहरू जडान गरेबापत प्राधिकरणलाई भुक्तानी नगरेको बताइन्छ ।

प्राधिकरणको बक्यौता रकमको आकार निकै ठूलो भए पनि महसुल उठाउन प्राधिकरणले कार्ययोजना नै नबनाएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यस्ता बक्यौता महसुल असुल गर्न प्राधिकरणले सम्बन्धितको खाता तथा अन्य कारोबार रोक्कालगायतका प्रक्रिया अपनाउनुपर्ने महालेखाको सुझाव छ ।

उद्योगहरूको डेडिकेटेड लाइनसम्बन्धी महसुल पहिलादेखि विवादमा छ, यो विवाद अदालतमा समेत पुगेको छ । लोडसेडिङको समयमा उद्योगहरूलाई डेडिकेटेड रूपमा २४ घन्टा नै बिजुली दिइन्थ्यो, त्यसवेला दिइने विद्युतको मूल्यसमेत बढी थियो । ३१ वैशाख ०७५ देखि भने लोडसेडिङ हटेपछि उद्योगहरूले २४ घन्टा सहज रूपमा विद्युत् पाएका छन् । तर, त्यसपछि पनि प्राधिकरणले डेडिकेटेड लाइनसरह बिल पठाएको भन्दै उद्योगीहरूले आपत्ति जनाउँदै पैसा तिरेका छैनन् । तर, प्राधिकरणले भने त्यो रकम असुल गर्ने नै भनेको छ, यद्यपि सोही विषयलाई लिएर प्राधिरकणले ठोस कदम भने उठाएको छैन । साथै, नियमित महसुल उठाउने कार्यलाई पनि प्राधिकरणले प्राथमिकता नदिएको देखिन्छ ।

**महसुल नतिर्ने उद्योगमा लाइन काट्दै प्राधिकरण**

यद्यपि, अहिले भने प्राधिकरणले महसुल उठाउने कार्यलाई तीव्रता दिन थालेको देखिन्छ । सोही क्रममा प्राधिकरणले महसुल नतिर्ने उद्योगहरूमा विद्युत् काट्न थालेको छ । प्राधिकरणले गत बुधबार सोनाश्री (पिपिसी) र सोना (ओपिसी) सिमेन्ट उत्पादन गर्दै आएको सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको लाइन काटेको छ । त्यस कम्पनीले साउन ०७७ यताको ४१ करोड ६६ लाख नियमित महसुल तिरेको छैन । डेडिकेटेड र ट्रंक लाइनबापतको ३२ करोड ९४ लाखसहित कम्पनीले कुल ७४ करोड ५९ लाख महसुल तिर्न बाँकी छ ।

यस्तै, रोल्पा सिमेन्टको पनि विद्युत् लाइन काटिएको छ । उक्त उद्योगले पनि आठ करोड ४४ लाख रुपैयाँ नियमित विद्युत् महसुल तिरेको छैन । प्राधिकरणका लुम्बिनी प्रदेश प्रमुख हरि पाण्डेले महसुल नतिरेपछि उक्त दुई उद्योगमा विद्युत् लाइन काटेको पुष्टि गरे ।

'डेडिकेटेड फिडर तथा ट्रंक लाइनबापतको बक्यौताका कारण उनीहरूको विद्युत् लाइन काटेको होइन । तर, उनीहरूले नियमित महसुल नै नतिरेको देखियो,' उनले भने, 'त्यसैले विद्युत् लाइन काटेका हौं ।' यस्तै, विद्युत् महसुल नतिरेका अन्य उद्योगहरूको पनि लाइन काट्ने तयारी अघि बढाएको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए ।

'बिल पठाए पनि त्यसअनुसार महसुल नउठेको देखिएको छ । त्यसमा अधिकांश उद्योगहरू नै छन् । कुन-कुन उद्योगले महसुल तिरेका छैनन्, त्यसबारे अहिले खोजी कार्य भइरहेको छ । त्यसक्रममा भेटिएका दुई उद्योगको लाइन काटिसकेका छौं,' उनले भने, ' अब अध्ययनका क्रममा भेटिने अन्य उद्योगहरूको पनि लाइन काट्छौं ।' समग्रमा अब महसुल बक्यौता उठाउने गरी काम गर्ने उनको भनाइ छ ।

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले पछिल्लो समय देखिएको आर्थिक संकटका कारण विद्युत् महसुल तिर्न समस्या भएको बताए ।

'पछिल्लो समय निर्माण कार्य ठप्पजस्तै छ । फलस्वरूप बजारमा हाम्रो उत्पादनको माग घटेको छ । उद्योगहरू घाटामै सञ्चालन भइरहेका छन् । त्यसैले हामीलाई विद्युत् महसुल तिर्न गाह्रो नै भइरहेको अवस्था छ,' उनले भने, 'यद्यपि, उद्योगी साथीहरूले के-कति कारणले महसुल तिरेका छैनन्, त्यसबारे हामी पनि अध्ययन गर्दै छौं ।'यस मामलामा प्राधिकरणले केही सहजतासमेत प्रदान गर्नुपर्ने नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका बताउँछन् । ' अहिले साँच्चै नै उद्योगहरूलाई गाह्रो भएको छ । बजारमा वस्तुको माग घट्दा उद्योगहरू घाटामै सञ्चालन भएका छन् । नगद प्रवाह हुन सकेको छैन । त्यसैले विद्युत् महसुल तिर्न गाह्रो भएको छ,' उनले भने, ' यद्यपि, उद्योगहरू विद्युत् महसुल तिर्न तयार छन् । तर, यसमा प्राधिकरणले सहजीकरण गरिदिनुपर्छ ।' साथै, यसलाई छिटोभन्दा छिटो नै समाधान गर्नुपर्ने उनको भनाइ छ ।




**२५% महसुल तिरे विद्युत् दिइने**

विद्युत् कटौती लामो समयसम्म नगर्ने मनसायमा पनि प्राधिकरण छ । किनकि, विद्युत् नहुँदा उद्योगहरू सञ्चालन हुँदैन । उद्योग सञ्चालन नहुँदा अर्थतन्त्र स्वतः प्रभावित हुन्छ । साथै, अब नेपालमा विद्युत् उत्पादन बढ्ने सिजन पनि आउँदै छ । हिमालको हिउँ पग्लिने समय भएकाले वैशाख-जेठबाटै नेपालमा विद्युत् उत्पादन बढ्न सुरु गर्छ । बर्खायामका कारण असारदेखि विद्युतको उत्पादन स्वदेशी मागभन्दा पनि धेरै हुन्छ । त्यसमाथि नेपालमा बढी विद्युत् खपत गर्ने नै उद्योगहरू हुन् । त्यो अवस्थामा विद्युत् कटौती गर्दा विद्युत् खेर जाने तथा अर्थतन्त्रलाई समेत नकारात्मक असर पर्ने सम्भावना पनि उत्तिकै छ । सोही अवस्थालाई दृष्टिगत गर्दै यसमा केही सहज नीति ल्याइने उपकार्यकारी निर्देशक सिलवाल बताउँछन् ।

'यद्यपि, यस्तो अवस्था आउँछ भन्दैमा धेरै सहजता पनि हुँदैनौं । त्यस्ता उद्योगहरूले तत्काल २५ प्रतिशत बक्यौता भुक्तानी गर्नैपर्छ । त्यसअनुसार रकम भुक्तानी गरेमा किस्ताको सुविधा दिन्छौं । त्यसपछि विद्युत् लाइन पनि जोडिदिन्छौं । हाम्रो नीतिगत व्यवस्था नै यही छ । यसबाहेक अन्य सुविधा हुँदैन,' उनले भने, 'अन्य सुविधा दिनुपर्‍यो भने प्राधिकरणको सञ्चालक समितिले नै निर्णय गर्नुपर्छ ।'

**आठ करोड भुक्तानी दिने सोनापुरको पत्र**

लाइन काटिएको पाँच दिनपछि सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडले तत्काल आठ करोड रुपैयाँ बक्यौता भुक्तानी गर्ने गरी प्राधिरकणलाई पत्र पठाएको छ । यद्यपि, त्यो प्राधिकरणको सीमाअनुसार नभएकाले थप निर्णय नगरेको लुम्बिनी प्रदेश प्रमुख पाण्डेले बताए । प्राधिकरणको नियमअनुसार उद्योगले बक्यौताको न्यूनतम २५ प्रतिशत रकम तिरेपछि मात्रै विद्युत् जोड्न सकिन्छ । तर, सोनापुर बुझाउने भनेको रकम त्यसअनुसार पुग्दैन । सोहीअनुसार यसमा तत्काल कुनै निर्णय नगरेको पाण्डेको भनाइ छ । 'सोनापुरले आइतबार मात्रै आठ करोड रुपैयाँ बुझाउने गरी आधिकारिक पत्र पठाएको छ ।

# कविता

## खाडी जाने सपना



\- नृपराज बराल

खाडीमा भेटौंला लेखिएको टिसर्टले  
युवाहरुको विवशता देखायो  
अध्यागमनका लामा लाइनहरुले  
तिम्रा फुस्रा भाषणहरुको स्तर नाप्यो  
तिमीले जे रोप्यौ, हामीले त्यही पाएका छौं  
तिमीले टन्न पेट भर्‍यौ होला  
परदेशमा हामीले निस्तो भात खाएका छौं  
तिमी सपना देखाऊ, चटक देखाऊ  
हामी तिम्रै पछि लाग्छौं, सपना पनि देख्छौं  
कक्षा दश सक्दा नसक्दै  
पासपोर्ट बनाउने लाइनमा आफ्नै नाम लेख्छौं  
बरु यसो गर,  
हामीलाई कक्षाकार्य, गृहकार्यहरुमा  
विदेशी मजदुर बन्न सिकाऊ, गुलाम बन्न सिकाऊ  
दया गर हामीमाथि, अलि महंगोमा बिकाऊ  
बिक्री गर्नु तिम्रो धर्म हो, पुरुषार्थ हो  
बिक्री हुनु हाम्रो विवशता हो, नियति हो ॥

-जितपुर सिमरा-१, बारा

# पाँच वर्षमा ३० लाख रोजगारी सिर्जना हुने लक्ष्य




काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पाँच आर्थिक वर्षमा ३० लाख रोजगारी सिर्जना हुने लक्ष्य राखेको छ । आर्थिक वर्ष २०७९/०८० देखि २०८३/०८४ सम्म ३० लाख रोजगारी सिर्जना हुने लक्ष्यसहितको पाँच वर्षे रणनीतिक योजना मन्त्रालयले सार्वजनिक गरेको हो । रणनीतिक योजनामा सार्वजनिक, निजी र विशेष कार्यक्रमसमेत गरी आन्तरिक रोजगारी सिर्जना हुने उल्लेख छ ।

योजनाअनुसार चालु आर्थिक वर्षमा पाँच लाख, २०८०/०८१ मा साढे पाँच लाख, २०८१/०८२ मा ६ लाख, २०८२/०८३ मा साढे ६ लाख र आव २०८३/०८४ मा सात लाख रोजगारी सिर्जना हुने लक्ष्य सरकारले लिएको छ । गत आर्थिक वर्ष एक लाख ५६ हजार ७३१ रोजगारी सिर्जना भएको मन्त्रालयको तथ्यांक छ ।

कृषि तथा औद्योगिक क्षेत्रमा ठूलो संख्यामा रोजगारी सिर्जना हुने लक्ष्य लिइएको श्रम सचिव एकनारायण अर्याल बताउँछन् । 'सरकारले असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने योजना बनाएको छ। साथै हामीले श्रमिकको हकहित एवं पेसागत सुरक्षा प्रदान गर्ने नीतिअनुसार सामाजिक सुरक्षामा पनि जोड दिएका छौं,' सचिव अर्यालले भने । सरकारले मुलुकका बेरोजगार युवालाई न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम पनि अघि सारेको छ । यस मार्फत युवाहरूलाई सीप सिकाइने योजना छ । 'युवा रोजगारीका लागि रूपान्तरण' परियोजना अन्तर्गत विश्व बैंकको १४ अर्ब रूपैयाँ ऋण छ। यो कार्यक्रम मार्फत पनि ठूलो संख्यामा युवाहरू लाभान्वित हुने सचिव अर्यालले बताए ।

मन्त्रालयका उपसचिव कविराज उप्रेती रोजगारी सिर्जना गर्ने काम श्रम मन्त्रालयको नभए पनि उद्योग, कलकारखाना, कृषि जस्ता विभिन्न क्षेत्र समेतमा गरेर हरेक वर्ष ठूलो संख्यामा रोजगारी सिर्जना हुने लक्ष्य राखिएको बताउँछन् । 'श्रम मन्त्रालयको काम रोजगारी सिर्जना गर्ने होइन। यसले विपन्न बेरोजगारका लागि न्यूनतम रोजगारी दिने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम भने अघि सारेको छ । यो समेत गरेर विभिन्न निजी क्षेत्रबाट पनि पाँच वर्षमा यतिसम्म रोजगारी सिर्जना हुन्छ भनेर योजना बनाइएको हो,' उनले भने ।

सरकारले हरेक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गर्ने घोषणा गरिसकेको छ । श्रमिकहरू आवश्यक परे सार्वजनिक संस्थान तथा निजी क्षेत्रले रोजगार सेवा केन्द्रमार्फत लिन सक्छन् । त्यसो हुँदा कुन रोजगार सेवाकेन्द्र मार्फत कति जनाले रोजगार पाए भन्ने तथ्यांक पनि सजिलै आउने मन्त्रालयको भनाइ छ । मन्त्रालयले पाँच वर्षमा एक खर्ब ४० अर्ब ९३ करोड रूपैयाँ खर्च गर्ने रणनीतिक योजनामा उल्लेख छ । जसमा आन्तरिक रोजगारी प्रवर्द्धनतर्फ एक खर्ब ८० करोड रूपैयाँ खर्च गर्ने उल्लेख छ । त्यस्तै वैदेशिक रोजगार व्यवस्थापन र श्रम कूटनीतिक क्षेत्रमा सात अर्ब ५० करोड, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षातर्फ सात अर्ब २५ करोड खर्च गर्नेछ ।

व्यावसायिक सीप विकास तथा तालिमतर्फ २० अर्ब ८८ करोड रुपैयाँ खर्च गर्ने रणनीतिक योजनामा उल्लेख छ भने योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा पाँच वर्षमा दुई अर्ब र सुशासन प्रवर्द्धनतर्फ दुई अर्ब ५० करोड रूपैयाँ खर्चिने उल्लेख छ । त्यस्तै सरकारले २०८३/८४ सम्ममा सामाजिक सुरक्षा कोषमा ९ लाख योगदानकर्ता पुर्‍याउने लक्ष्य लिएको छ । हाल कोषमा चार लाख १६ हजार श्रमिकहरू मात्रै आवद्ध भएका छन् । कोषले चालु आर्थिक वर्षभित्र थप ६ लाख श्रमिकलाई कोषमा समेट्ने लक्ष्य अघि सारेको हो ।

आगामी आर्थिक वर्ष २०८०/८१ मा सात लाख, २०८१/८२ मा आठ लाख, २०८२/८३ मा आठ लाख ५० हजार र आव २०८३/८४ सम्ममा ९ लाख योगदानकर्ता पुर्‍याउने लक्ष्य लिएको हो । त्यस्तै २०८३/८४ सम्ममा एक लाख २५ हजार प्रतिष्ठान/रोजगारदाता सामाजिक सुरक्षा योजनामा आबद्ध गर्ने लक्ष्य छ । २०७९/८० सम्ममा कोषमा आबद्ध हुने रोजगारदाता संख्या ५० हजार, २०८१/८२ सम्ममा ७५ हजार, २०८१/८२ सम्ममा एक लाख, २०८२/८३ सम्ममा एक लाख १५ हजार र २०८३/८४ सम्ममा एक लाख २५ हजार रोजगारदाता आबद्ध गर्ने लक्ष्य छ । मन्त्रालयले आगामी ५ वर्षमा दुई लाख १६ हजारलाई व्यावसायिक सीपमूलक तालिम दिने लक्ष्य लिएको छ । रणनीतिअनुसार २०७९/८० मा २५ हजार ७६७ जनालाई व्यावसायिक सीपमूलक तालिम दिने उल्लेख छ। २०८०/८१ मा ३० हजार, २०८१/८२ मा ३५ हजार, २०८२/८३ मा ५० हजार र २०८३/८४ मा ७५ हजारलाई तालिम दिइने रणनीतिमा उल्लेख छ ।नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्छन् । आन्तरिक श्रम बजारमा सबैले रोजगारी पाउने अवस्था छैन। नेपालको जनगणना २०७८ ले नेपालमा ७ लाख सक्रिय जनशक्ति बेरोजगार रहेको देखाएको छ ।

नेपालमा रोजगारी नपाउँदा अथवा राम्रो सेवासुविधा तथा अवसर खोजीमा नेपालबाट ठूलो संख्यामा युवाहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो छ । पछिल्लो समय नेपाली युवाको आकर्षण बढ्दै गइरहेकाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने योजना पनि सरकारले अघि सारेको मन्त्रालयको भनाइ छ । त्यस्तै सीपयुक्त जनशक्ति विकास गरी रोजगारी र स्वरोजगार वृद्धि गर्ने योजना छ । आन्तरिक रोजगारी पनि प्रवर्धन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ ।

**बैदेशिक रोजगारीमा.........**

ज्ञवालीले बताए । 'कोषमा सहभागी हुन रोजगारदाता कम्पनीको अनुमति चाहिन्न । आफैंले राहदानी र श्रम स्वीकृति राखेर आवेदन दिन पाइन्छ । तोकिएको रकम सीधा खातामा जम्मा गर्न सकिन्छ,' ज्ञवालीले भने, 'श्रम स्वीकृति नचाहिने मुलुकका लागि भने श्रम स्वीकृति चाहिने छैन ।'

वैदेशिक रोजगारीमा जाने श्रमिकको हकमा भने श्रम स्वीकृति दिने बेलै कोषले खाता नम्बर उपलब्ध गराउनेछ । वैदेशिक रोजगारीमा गएका कामदारलाई सम्बन्धित रोजगारदाताले सेवा सुविधा दिएपनि यो नेपाल सरकारले गरेको छुट्टै व्यवस्था हो । श्रम स्वीकृति लिएर वैदेशिक रोजगार बोर्डले दिने कल्याणकारी राहत र सामाजिक सुरक्षा कोषले दिने सुविधा फरक फरक हो । विदेशबाट प्रत्येक वर्ष झन्डै एक हजार जनाको शव आउने गरेको छ । त्यस्तै अंगभंग र गम्भीर प्रकृतिका बिरामी पनि आउने गरेका छन् । बोर्डले उनीहरूका परिवारलाई राहत रकम दिएपनि मासिक गुजराबापतको रकम भने दिने गरेको छैन । सामाजिक सुरक्षा कोषमा आबद्ध भए पनि मृतकका परिवारले आजिवान पेन्सन पाउने सुविधा छ । गैरआवासीय नेपाली संघका उपाध्यक्ष डीबी क्षेत्रीले आफूहरूले एक दशक बढी समयको अभियानले पूर्णता पाएको वताए । 'नेपालमा सामाजिक सुरक्षा कोष स्थापना हुनुअघि नै एनआरएनले विदेशमा रहेका नेपालीलाई एउटा कोष बनाएर सामाजिक सुरक्षा प्रदान गर्नुपर्छ भनेर एउटा अभियान चलायौं । एनआरएन ओमानले प्रस्ताव गरेको हजारे अभियानलाई परिष्कृत गरी सामाजिक सुरक्षा कोषमा परिणत भयो,' एनआरएनए आईसीसीका उपाध्यक्ष क्षेत्रीले भने,'विदेशमा रहेका लाखौं नेपाली औपचारिक रूपमा जोडिने बाटो खुलेको छ । यसलाई व्यापक र प्रभावकारी बनाउन हामी सरकारसँग सहकार्य गर्नेछौं ।'

**एक तिहाई ......**

आर्थिक कार्यमा संलग्न नहुने नागरिकमध्ये ३८.३ प्रतिशत नागरिक बागमती प्रदेशका छन् । यस्तै लुम्बिनीमा ३७.२ प्रतिशत, गण्डकीमा ३७ प्रतिशत, सुदूरपश्चिममा ३२.२ प्रतिशत, कोशीमा ३१.३ प्रतिशत, कर्णालीमा ३०.८ प्रतिशत नागरिक कुनै पनि आर्थिक कार्यमा संलग्न नभएको तथ्यांकमा उल्लेख छ ।

जनगणनाअनुसार १० वर्ष वा सोभन्दा माथिका २ करोड ३९ लाख ५८ हजार ८६८ जना व्यक्तिहरु मध्ये १ करोड ४९ लाख ८३ हजार ३१० जना (६२.५ प्रतिशत) ले भने जनगणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेको देखिन्छ । जसमध्ये ४१ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २१.५ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ३७.५ प्रतिशतले कुनै पनि काम नगरेको देखिन्छ ।

५२ प्रतिशत परिवार सिमेन्टले जोडेको घरमा बस्छन्

राष्ट्रिय जनगणना २०७८ को आँकडा अनुसार ५२ दशमलव २ प्रतिशत परिवार सिमेन्टको जोडाई भएको घरमा बस्ने नतिजा सार्वजनिक भएको छ । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको आँकडा अनुसार सिमेन्टको जोडाई भएको इँटा वा ढुङ्गा प्रयोग गरेर बनाएको घरमा सबैभन्दा धेरै परिवार संख्या बस्ने गरेका छन् । माटोको जोडाई भएको इँटा वा ढुङ्गाको गारो लगाएको घरमा ३० दशमलव ७ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनाइएको घरमा ११ दशमलव ७ प्रतिशत, काठ वा फल्याक प्रयोग गरेर बनाइएको घरमा ३ दशमलव २ प्रतिशत, जस्ता, टिन, च्यादर प्रयोगबाट बनाइएको घरमा १ दशमलव २ प्रतिशत, प्रिफ्याव घरमा शून्य दशमलव शून्य ३ प्रतिशत परिवार र अन्य प्रकारका सामग्री प्रयोग गरिएको घरमा शून्य दशमलव ६ प्रतिशत परिवार बस्ने गरेको आँकडा सार्वजनिक गरिएको छ ।

**नेपालमा आईटी पढ्नेको संख्या करीब ४६ हजार**

नेपालमा करीब ४६ हजारले सूचना प्रविधि (आईटी) सम्बन्धी शैक्षिक कार्यक्रम पढिरहेको तथ्याङ्क बाहिरिएको छ ।

राष्ट्रिय तथ्याङ्क विभागले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन अनुसार नेपालमा हाल कुल ४५ हजार ८८० जना विद्यार्थीले १२ कक्षाभन्दा माथिको शैक्षिक स्तरमा कम्प्युटिङ तथा सूचना प्रविधिलाई मुख्य विषय बनाएर पढिरहेका छन् । यसरी पढ्नेमा ३४ हजार ८०२ छात्र र ११ हजार ७८ जना छात्रा छन् । यसअन्तर्गत ४० हजार ८०२ जना सहर क्षेत्रबाट छन् भने पाँच हजार ७८ जना ग्रामीण क्षेत्रका छन् ।

**युरोपतिर.........**

स्वीकृति लिएका थिए । गत वर्ष कुल ६ लाख ३० हजारले श्रम स्वीकृति लिएका थिए ।

कोभिड महामारीपछि नेपालीहरू रोजगारीका लागि युरोप जाने क्रम बढेको देखिन्छ । कोरोना सुरू हुनुभन्दा अगाडि आव २०७५/०७६ मा युरोप जानेको संख्या त्यति धेरै थिएन । उक्त वर्ष पाँच लाख ८ हजारले श्रम स्वीकृति लिएका थिए । जसमा क्रोएसियाका लागि ८ जनाले मात्रै श्रम स्वीकृति लिएको देखिन्छ ।

उक्त वर्ष साइप्रस जाने भने धेरै थिए । साइप्रसका लागि दुई हजार ३४० जनाले श्रम स्वीकृति लिएका थिए । फ्रान्सका लागि १८ जना, माल्टाका लागि एक हजार ७४९, पोल्याण्डका लागि एक हजार १९५ जनाले श्रम स्वीकृति लिएका थिए । त्यस्तै पोर्चुगलका लागि ४६१, रोमानियाका लागि एक हजार २३९ जनाले श्रम स्वीकृति लिएको देखिन्छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याल युरोपमा नेपाली श्रमिकका लागि राम्रो अवसर भएको बताउँछन् । 'युरोपमा हाम्रा श्रमिकको राम्रो माग छ । पारिश्रमिक र सेवासुविधा पनि राम्रो छ। मुलुकमा भित्रिने रेमिटेन्स पनि बढ्छ,' सचिव अर्यालले भने ।

युरोपियन मुलुकमा ठूलो संख्यामा नेपाली श्रमिक पठाउने गरी सरकारले सहजीकरण गर्ने उनले बताए । सरकारले युरोपका विभिन्न मुलुकसँग श्रम सम्झौता गर्ने तयारी गरिरहेको उनको भनाइ छ । सरकारले सहज रूपमा युरोप रोजगारीमा जाने वातावरण सिर्जना गर्न सके भिजिट भिसामा गएर अवैध रूपमा काम गर्नेको संख्या पनि घट्ने कतिपयको तर्क छ । वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी पनि युरोपमा नेपाली श्रमिकको माग बढेको बताउँछन् । तर मागपत्र प्रमाणीकरण गरिदिने दूतावासहरू सम्बन्धित मुलुकमा नहुँदा नेपालीको अवसर गुमिरहेको उनको भनाइ छ । 'क्रोएसिया, रोमानियाको मागपत्र प्रमाणीकरण गर्नुपर्‍यो भने अर्कै मुलुक पुग्नुपर्छ । माल्टाबाट माग आयो भने मागपत्र प्रमाणीकरणका लागि लन्डन पुग्नुपर्छ,' उनी भन्छन्, 'मागपत्र प्रमाणीकरण पनि अनलाइनबाट हुनुपर्छ । त्यसो हुँदा युरोपको आकर्षक रोजगारीको अवसर नेपालीले पाउन सक्छन् ।' अप्ठ्यारो व्यवस्थाका कारण श्रमिकको माग धेरै हुँदा पनि थोरै मात्रै युरोप पठाउन सकिएको उनको गुनासो छ ।

**युइएमा......**

ग्रेडमा न्यूनतम सुविधा हुन्छ । ५० हजारदेखि एक लाख दिरामसम्म खर्च ब्यहोर्ने गरी व्यवस्था मिलाइएको हुन्छ । त्योभन्दा बढी उपचार खर्च मिल्दैन । ठूला तहका कर्मचारीलाई भने ५ लाख दिरामभन्दा माथि सुविधा दिने गरी बिमा गरिएको हुन्छ । लेबरहरूले चार सयदेखि ६ सय दिरामसम्म तिरेका हुन्छन् । 'ठूलो बिमार भयो भने ५० देखि एक लाख त एकैछिनमा सकिन्छ । त्यो भएपछि कामदार सुविधाबाट वञ्चित हुन्छन्,' यूएईमा कार्यरत रमेश बुढाथोकीले भने । अर्कोतर्फ भिसा दुई वर्षको भए पनि बिमा एक वर्षको मात्रै हुन्छ । एक वर्ष पछाडि बिमा नवीकरण गर्नुपर्ने कानुनी बाध्यता छैन । अर्को भिसा नलागेसम्म बिमा नवीकरण हुँदैन । जसले गर्दा बाँकी एक वर्ष कामदारको बिमा कायम रहँदैन ।

यूएईको तथ्यांक केन्द्रका अनुसार सबैभन्दा बढी ३३ प्रतिशत दुर्घटना तथा घाइते निर्माण क्षेत्रमा हुने गरेको छ । त्यसबाहेक यातायातमा २४, उद्योगमा २२, सेवामा १८ र ट्रेडमा ३ प्रतिशत हुन्छ । यूएईमा कार्यरत नेपाली कामदारमध्ये ६० प्रतिशतभन्दा बढी लेबर छन् । यी कामदारमध्ये दुर्घटनामा परेर दीर्घकालीन स्वास्थ्य समस्या लिएर फर्किनेलाई स्वदेशमा कुनै निकायले हेरचाह गर्दैनन् । उपचारको सबै भार परिवार र आफन्तले ब्यहोर्नुपर्छ । यूएईका प्रत्येक राज्यमा निजी स्वास्थ्य बिमासम्बन्धी आ-आफ्नो नीतिनियम छ । शारजाह र अजमान राज्यमा दर्ता भएका कम्पनीले आफ्ना कामदारलाई स्वास्थ्य बिमा उपलब्ध गराउनुपर्ने कानुनी बाध्यता छैन । जसले गर्दा दुबईमा काम गर्ने भए पनि ती कामदारको बिमा हुँदैन । धनुषाका अशोक झाले आफूसँग भएको स्वास्थ्य बिमा सबै स्वास्थ्य केन्द्रले नस्विकार्ने बताए । 'मेरो मुख बाँगिएको थियो, बिमाबाट कभर भएन । व्यक्तिगत रूपमा दुई हजार दिराम खर्च भयो,' उनले भने । यूएईसहित खाडीका ६ देशमा कार्यरत कामदारको स्वास्थ्य सेवासम्बन्धी 'भाइटल साइन्स' को प्रतिवेदनमा निजी स्वास्थ्य बिमा व्यवस्थाले न्यूंन पारिश्रमिक पाउने आप्रवासी श्रमिकको स्वास्थ्य सेवासम्म पहुँच सुधार गर्नुभन्दा थप अवरोध खडा गर्न सक्ने निष्कर्ष निकालिएको छ । 'न्यून पारिश्रमिक पाउने आप्रवासी श्रमिकलाई कामका कारण धेरै प्रतिकूल स्वास्थ्य अवस्था सिर्जना हुन्छ । तर, स्वास्थ्य सेवा आप्रवासी श्रमिकको विशेष आवश्यकताअनुरूप बनाइएका छैनन् र त्यहाँ उनीहरूका लागि स्वास्थ्य सेवा पहुँचमा भेदभावको स्पष्ट प्रमाण पाइन्छ । औपचारिक कागजातको उपलब्धता नहुनु र सेवासुविधाका लागि आवश्यक खर्च गर्ने क्षमता नहुनु नै पहुँचमा मुख्य अवरोध हुन्,' प्रतिवेदनमा भनिएको छ ।

स्वास्थ्य अवस्था गम्भीर नभएसम्म कसैले गम्भीरतापूर्वक नलिने गरेको यूएईमा कार्यरत अमृत गुरुङ बताउँछज् । 'जब हृदयघात वा मस्तिष्कघात हुन्छ । त्यसको उपचार थेग्ने बिमा हुँदैन,' उनले भने, 'परिवारलाई क्षतिपुर्ति होइन । केही गर्न नसक्ने जिउँदो लास पठाइदिने अवस्था बनिरहेको छ ।'

आप्रवासी कामदारको अधिकारको पक्षमा काम गरिरहेका फेयर स्काएरका निर्देशक निक मेगिहान आप्रवासी श्रमिकको स्वास्थ्य सेवामा पहुँच सुधार गर्नका लागि खाडी राष्ट्रका सरकारलाई सार्वजनिक रूपमा दबाब दिनुपर्ने बताउँछन् । 'खाडी राष्ट्रसँगको द्विपक्षीय श्रम सम्झौता तथा समझदारीमा पारदर्शी र स्पष्ट स्वास्थ्य सेवा प्रावधान समावेश गर्न द्विपक्षीय तहमा र जनस्वास्थ्य विशेषज्ञको सुझावसमेत लिई जोड दिनुपर्छ,' उनले भने, 'बहुपक्षीय तहमा 'कोलम्बो प्रोसेस', 'आबुधाबी डायलग' र 'ग्लोबल फोरम अन माइग्रेसन एन्ड डेभलपमेन्ट' जस्ता क्षेत्रीय तथा विश्वव्यापी मञ्चमा अन्य उद्गम राष्ट्रसँग सहकार्य गर्न जरुरी छ ।'

**युवा रोजगारी..........**

युवाहरू शिक्षित छन्, प्रमाणपत्र छ तर पनि रोजगार प्राप्त गर्न, स्वरोजगारी सिर्जना गर्न नसकेर शिक्षण सिकाइको उद्देश्य पूरा हुन नसकेको अवस्था विद्यमान छ । युवा बेरोजगारीको समस्या स्वयंको जीविकोपार्जन मात्रसँग सम्बन्धित नभई यो परिवार, समुदाय तथा सन्तुलित समाज निर्माण, शान्ति सु-व्यवस्था र समग्रमा राष्ट्रको उन्नति प्रगतिसँग जोडिने विषयवस्तु हो ।

शिक्षित बेरोजगारीको अवस्थामा युवाहरूले आवश्यकता र प्राप्त स्रोतसाधनको बीचमा सामञ्जस्यता कायम गर्न नसक्दा यसले निम्त्याउने नकारात्मकता र नैराश्यताले समाजमा थप जटिलता सिर्जना गर्दछ ।

विश्वविद्यालयबाट दीक्षित जनशक्तिले उद्योगमा टेक्निसियनको रूपमा काम गर्न नचाहने/नसक्ने र आधारभूत तालिम लिएको जनशक्तिले परिवर्तित सन्दर्भको प्रविधिसँग सामञ्जस्यता गर्न नसक्ने हुँदा प्रतिस्पर्धी जनशक्तिको सधैं खाँचो हुने अवस्था सिर्जना भएको छ । शैक्षिक क्षेत्र र औद्योगिक क्षेत्रको समन्वय र सहकार्यमा आवश्यकतामा आधारित जनशक्ति तयार पारी रोजगार सिर्जना गर्नु र उत्पादन तथा सेवा विस्तार गर्नुको विकल्प छैन, जुन औद्योगिक प्रशिक्षणबाट धेरै सम्भव छ ।अभिभावकहरूले स्वाभाविक रूपमा आफ्ना सन्तानहरूको शिक्षामा आर्थिक, भौतिक, मानसिक तथा समयको ठूलो लगानी गरेको हुन्छ र त्यसको प्रतिफल स्वरूप भावी पिँढीले सम्मानसहित जिउने वातावरण प्राप्त हुने अभिलाषा राखेका हुन्छन् । पर्याप्त आशा र अपेक्षासहित आमा-बुवा, स्वयं शिक्षार्थी तथा समाजले व्यक्तिगत र समाजको तहमा शिक्षाको माध्यमबाट आर्थिक तथा सामाजिक रूपान्तरणको अपेक्षा गरेको हुन्छ तर सिकेको सीपको उपयोग गर्ने, क्षमता प्रदर्शन गर्ने र समाजलाई सेवा पुऱ्याउने अवसर प्राप्त हुन नसकेको अवस्थामा सबै पक्षमा यसको असर परेको हुन्छ ।

# चैतमा उच्च दक्षता भएका २० जना नेपाली विदेशिए




काठमाडौं । चैतमा वैदेशिक रोजगारीका लागि ६१ हजार ४७८ जना युवाले श्रम स्वीकृति लिएका छन् । यो नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको संख्या हो । श्रम स्वीकृति लिनेमा पाँच हजार १३५ जना छन् ।

चैतमा सबैभन्दा धेरै १६ हजार २६५ जनाले मलेसियाका लागि श्रम स्वीकृति लिएका छन् । त्यस्तै साउदीका लागि ११ हजार ३६४, कतार ११ हजार २४९ र युएई १० हजार १९३ जनाले श्रम स्वीकृति लिएका छन् ।

गत महिना विभिन्न युरोपियन मुलुकहरू, दक्षिण कोरिया लगायत १०० मुलुकका लागि नेपालीहरूले श्रम स्वीकृति लिएका छन् । उक्त महिना उच्च दक्षता भएका २० जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै व्यवसायिक कामका लागि ८३, अर्ध दक्ष पाँच हजार २९३, दक्ष ४१ हजार ७२९ जना र अदक्ष १४ हजार ३५३ जनाले श्रम स्वीकृति लिएका छन् ।

नेपालबाट ५० प्रतिशतभन्दा बढी अदक्ष श्रमिकहरू वैदेशिक रोजगारीमा जाने गरेकोमा पछिल्लो समय दक्ष श्रमिकहरूको संख्या बढ्दै गएको छ । दक्ष श्रमिकहरू वैदेशिक रोजगारीमा जाँदा जोखिम कम हुने र नेपालले प्राप्त गर्ने रेमिट्यान्स पनि वृद्धि हुने विश्वास लिइएको छ ।

# टुकोन सम्बद्ध महिला विभाग गठन



काठमाडौं । राप्रपा नेपाल आबद्ध मजदुर संगठन ट्रेड युनियन महासंघ नेपाल (टुकोन) ले कर्मा डोल्कर गुरुङको अध्यक्षतामा महिला विभाग गठन गरेको छ ।

नवगठित समितिको सदस्यहरूमा समता कपाली, कविता वर्तौला, सरला ठकुरी, शुभद्रा सिलवाल, सुनिता तामाङ, दुधकासी तामाङ र उर्मिला विष्ट रहनुभएको छ ।

समितिको सल्लाहकारमा भने अम्बिका भण्डारी रहनुभएको छ । नवगठित समितिलाई बधाई शुभकामना दिँदै राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौलाले टुकोनको सक्रियता प्रशंसनीय भन्दै संगठन सुदृढीकरण अभियानमा जुट्न आग्रह गर्नुभएको थियो । संगठन सुदृढीकरण अभियान नै अहिलेको प्राथमिकता भएको भन्दै वर्तौलाले आन्दोलन र संगठन सुदृढीकरण अभियान सँगसँगै अघि बढ्ने विचार व्यक्त गर्नुभयो । नेतृत्व र विचारलाई कमजोर बनाउने षडयन्त्रलाई भण्डाफोर गर्दै पार्टी अघि बढ्ने समेत वर्तौलाले दाबी गर्नुभयो ।

टुकोनका अध्यक्ष हिक्मतजङ्ग भण्डारीले संगठनलाई जबर्जस्ती ढंगले अघि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा संगठनका उपाध्यक्ष आनन्द कुमार रिसाल, कोषाध्यक्ष प्रदीप कार्की लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# साउदीले ल्यायो ३ महिना अवधिको अस्थायी कामदार भिसा कार्यक्रम



काठमाडौं । साउदी अरेबियाले ३ महिना अवधिको अस्थायी कामदार भिसा कार्यक्रम ल्याएको छ । यो भिसा बिना कागजात र बिना श्रम प्रक्रिया सजिलै प्राप्त गर्न सकिने छ ।

साउदीको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालय मातहतको क्विवा (अनलाइन प्लेटफर्म)का अनुसार भिसा स्वीकृत भएको दिनदेखि ३ महिनासम्म भिसावाहकले साउदीमा काम गर्न पाउँछन् । ३ महिनाको समय सकिएपछि आवश्यकता अनुसार फेरि त्यति नै अवधिको लागि भिसाको म्याद थप्न पाइने छ ।

यो भिसा पाउन रोजगारदाता वा क्विका आयुक्तहरुले आवेदन पेस गरेको हुनुपर्छ । यो भिसामार्फत् छोटो समयका लागि कामदार मगाउन चाहने कम्पनी व्यावसायिक रुपमा दर्ता भएको र भिसा माग गरेको समयसम्म सक्रिय रहेको हुनुपर्ने छ । यो भिसा भइसकेपछि काम गर्नको लागि वर्क परमिट र आवास अनुमति आवश्यक पर्दैन । अनलाइन निवेदन दिएको लगत्तै भिसा जारी हुने बताइएको छ । जसको मान्य अवधि १ वर्षको हुनेछ । यसमा थप 'डकुमेन्टेशन'को आवश्यकता नपर्ने बताइएको छ । साउदीमा सञ्चालित कम्पनीहरुलाई तत्कालै, छोटो अवधिका लागि कामदार चाहिएमा भर्ति गर्न सजिलो होस् भनेर ३ महिने भिसा कार्यक्रम ल्याइएको हो ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०८०
को उपलक्ष्यमा देश विदेशमा
रहनुभएका सम्पूर्ण नेपालीहरुमा
हार्दिक मंगलमय शुभकामना ।
राजाराम वर्तौला
महामन्त्री, राप्रपा नेपाल

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०८०
को उपलक्ष्यमा देश विदेशमा
रहनुभएका सम्पूर्ण नेपालीहरुमा
हार्दिक मंगलमय शुभकामना ।
प्रदिप कार्की
कोषाध्यक्ष, ट्रेड युनियन महासंघ नेपाल (टुकोन)